# हाम्रो अजयमेरु

# कक्षा ८

**अजयमेरु गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भद्रपुर, डडेल्धुरा**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

# हाम्रो अजयमेरु

## स्थानीय पाठ्यक्रम २०७८ मा आधारित आधारभूत तह (कक्षा ६-८)


**लेखन तथा सम्पादन**

लालबहादुर सेटी अजयमेरु गाउँपालिका

हरि प्रसाद पन्त अजयमेरु गाउँपालिका

देवराज पनेरु श्री सहश्रलिंग माध्यमिक विद्यालय अजयमेरु २ चमडा

नरेन्द्र प्रसाद पनेरु श्री सहश्रलिंग माध्यमिक विद्यालय अजयमेरु २ चमडा

करुणाकर पनेरु श्री देवल माध्यमिक विद्यालय अजयमेरु ६ देवल



**संस्करण: २०८०।०८१**

**प्रकाशन तथा वितरक:**

**मूल्य:**



**यस पुस्तकको कुनै पनि अंशलाई अजयमेरु गाउँपालिकाको अनुमति बिना कुनै पनि माध्यमबाट पुनः उत्पादन गर्न पाइने छैन।**



**Website: ajayamerumun.gov.np**
**Email: ajayamerugaupalika@gmail.com**

# हाम्रो भनाई

नेपालको संविधान २०७२ को अनुसूची ८  मा उल्लेख भए बमोजिम एकल अधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ ले दफा ११ (ज) मा आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय सरकारलाई हुने व्यवस्था गरे अनुसार संघीय सरकारको राष्ट्रिय पाठ्यक्रम २०७६ अनुसार आधारभूत तह (कक्षा ६-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरि लागू गर्ने व्यवस्थानुसार अजयमेरु गाउँपालिकाले शैक्षिक सत्र २०७९ देखि आधारभूत तह कक्षा ६-८ मा लागू हुने गरि **'हाम्रो अजयमेरु'** स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनमा ल्याएको छ । विद्यालय तहमा लागू हुने गरि निर्माण गरिएको उक्त पाठ्यक्रममा अजयमेरु गाउँपालिका लगाएत समग्र सुदूरपश्चिम प्रदेशको प्राकृतिक, एतिहासिक, सास्कृतिक तथा पर्यटकीय क्षेत्र साथै यस क्षेत्रको विकास र सम्भावना बारे विद्यार्थीहरुलाई पठनपाठन गर्ने र सो पक्षको बारेमा सुसूचीत गर्ने उद्देश्यका साथ कार्यान्वयनमा रहेको छ।

यस अजयमेरु गाउँपालिका अन्तरगतका सबै विद्यालयमा पठनपाठन कार्यमा एकरुपता ल्याउने उद्देश्य राखि **'हाम्रो अजयमेरु'** नामक पाठ्यक्रममा आधारित भई **'हाम्रो अजयमेरु'** को प्रकाशन गर्न लागिएको छ । यस  पुस्तिकाबाट यस पालिकामा रहेका विद्यालयमा उक्त विषय पठनपाठन गर्ने शिक्षकहरुका लागि कक्षा क्रियाकलाप संचालन तथा गाउँपालिका स्तरमा पठनपाठन तथा परीक्षा संचालन प्रक्रियामा एक रुपता ल्याउन समेत यो पाठ्यपुस्तिका उपयोगि स्रोत पुस्तिका हुने विश्वास पाठ्यपुस्तक लेखन तथा सम्पादन कार्य दलले अपेक्षा गरेको छ। पुस्तकमा भाषा र व्याकरण शुद्धताका लागि सक्दो ध्यान पर्‍याइएको छ। तैपनि पठनपाठनका क्रममा कहीँकतै कमीकमजोरी भेटिएमा मानवीय कमजोरी ठानी सुझावका लागि अनुरोध सहित अर्को संस्करणमा सुधार्ने प्रतिवद्धा व्यक्त गर्दछौं । यस पुस्तिकामा राखिएका जानकारी तथा एतिहासिक र धार्मिक पक्षहरुको बारे विभिन्न स्रोतहरुको अध्ययन तथा प्रयोग गरिएको बारे समेत जानकारी गरिन्छ। यस पुस्तिकालाई अझ प्रभावकारी र उपयोगी बनाउन लेखन तथा सम्पादन मण्डललाई सल्लाह तथा सुझावहरु उपलब्ध गराई यसको परिमार्जनमा सहयोग मिल्ने छ भन्ने विश्वास लिईएको छ।

अन्तमा यो पाठ्यपुस्तक लेखन तथा सम्पादनमा विभिन्न कोणबाट सहयोग पुर्‍याउने यस गाउँपालिकाका अध्यक्ष श्री उमेश प्रसाद भट्ट 'विकास', उपाध्यक्ष श्री वसन्ती पाल, वडा अध्यक्षहरु र विद्यालयका प्रधानाध्यापक तथा शिक्षक लगाएतका सबै सरोकारवालाहरुका साथै गाउँपालिका बासीहरुप्रति कृतज्ञता व्यक्त गर्दछौं।

## विषय सूची


एकाइ पृष्ठ संख्या

**एकाइ -१ अजयमेरुको परिचय**

पाठ-१ अजयमेरुको नक्सा

पाठ-२ अजयमेरु गाउँपालिकाको नामाकरण

पाठ-३ प्राकृतिक स्रोतको महत्त्व

पाठ- ४ अजयमेरु र डडेल्धुरा जिल्लाको जनसंख्या

**एकाइः२ हाम्रा आर्थिक क्रियाकलापहरु**

पाठ-१ पेसाले जीवनस्तरमा पारेको प्रभाव

पाठ-२ प्रदेशस्तरमा संचालित तालिमहरु

पाठ-३ प्रदेश भित्र उत्पादन हुने प्रमुख क्षेत्रहरु

पाठ-४ सुदूरपश्चिम प्रदेशका जडीबुटी तथ खनिज

पाठ-५ प्रदेशमा रहेका परम्परागत पेसा र प्रविधि

**एकाइ -३ हाम्रा विकास कार्यहरु**

पाठः १ सुदूरपश्चिम प्रदेशका सडकहरु

पाठः २ सुदूरपश्चिमका विकासका पूर्वाधारहरु

पाठ-३ सुदूरपश्चिम प्रदेश भित्रका विकास कार्यहरु

पाठ-४ सुदूरपश्चिम प्रदेशमा विकासका पूर्वाधारहरुको सम्भावना

**एकाइ- ४ हाम्रा संसकृति परम्परा र मूल्यमान्यता**

पाठ-१ हाम्रा मुख्य चाडपर्व

पाठ-२ संस्कारको महत्त्व

**एकाइ-५ सामाजिक ख्याती प्राप्त व्यक्तित्व**

पाठः १ शेर बहादुर देउवा

**पाठः २ दशरथ चन्द**

**एकाइ-६ हाम्रा प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु**

**पाठः१ सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका**

**पाठः २ राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र**

**पाठः३ खप्तड एक चिनारी**

**पाठः४ पर्यटकीय स्थलको सामाजिक तथा आर्थिक महत्त्व तथा प्रभाव**

पाठ-५ **प्रदेश भित्र औद्योगिक तथा व्यापारिक केन्द्रको सम्भावना र चुनौतीहरु**

**पाठ-६ प्रदेशस्तरका तालतलैया र नदीनालाको उपयोग,तिनीहरुले निम्ताउने जोखिम तथा सुरक्षाका उपायहरु**

**पाठ-७ प्रदेशसभाको परिचय र कार्यहरु**

**एकाइ-८ पाठ १- विपद् व्यवस्थापन र हरित विद्यालय**

**पाठ-२ विपद्को कारण र प्रभाव**


**पाठ-३ हरित विद्यालय**

**पाठ-४ तीनतारे विद्यालयको व्यवस्थापन र दिगोपनका चुनौतीहरु**

# एकाइ -१ अजयमेरुको परिचय

**पाठ-१ अजयमेरुको नक्सा**
**पाठ-२ अजयमेरु गाउँपालिकाको नामाकण**
**पाठ-३ प्राकृतिक स्रोतको महत्त्व**
**पाठ- ४ अजयमेरु र डडेल्धुरा जिल्लाको जनसंख्या**

# पाठ-१ अजयमेरुको नक्सा



आशिष कक्षा-८ मा पढछन् । उक्त कक्षामा शिक्षकले हाम्रो अजयमेरु विषय पढाइरहेका हुन्छन् । ती दुवैका विचमा भएको संवाद अजयमेरुको नक्सा र मुख्य मुख्य ठाउँहरुका सम्बन्धमा भएको छ ।

**आशिष:-**नक्सा भनेको के हो सर ?

**शिक्षक:-** कुनै पनि स्थानको आकार झल्किने गरी तयार पारिएकव आकृती नक्सा हो । नक्सा निश्चित नाम र प्रकृतिको आधारमा तयार पारिन्छ । यसको सहायता बाट शिक्षण गर्दा विषयवस्तु बुझाउन पनि सजिलो हुन्छ ।

**आशिष:** नक्साले के के कुरा देखाउन सकिन्छ ? सर ।

**शिक्षक:** नक्साले धैरै कुराको प्रतिनिधित्व गरेको हुन्छ । यसले नक्सा बनाएको ठाउँमा भएका मुख्य मुख्य ठाउँहरु, सीमानाहरु भौतिक विशेषताहरु, प्राकृतिक ऐतिहासिक तथा धार्मिक ठाउँहरु,सडकहरु आदि देखाउन सकिन्छ । यी बाहेक नदीहरु, समुद्रहरु, पहाडहरु, मरुभूमिहरु आदि पनि नक्सामा देखाउन सकिने कुरा हुन् ।

**आशिष:** अनि यो नक्सा हाम्रो गाउँपालिका को हो र सर ?

**शिक्षक:** हो यो नक्सा हाम्रो गाउँपालिका अजयमेरुको हो । यहाँको प्रमुख ऐतिहासिक स्थलका रुपमा रहेको अजयमेरुकोट, देवल पिल्कोटमा रहेको प्राचिन देवलहरु चिपुर मा पर्ने जगन्नाथ मन्दिर नजिक रहेका देवलहरु पनि यो नक्सामा देखाइएको छ ।

**आशिष:**हाम्रो गाउँपालिकाका सिमानामा कुन कुन पालिका छन् सर ?

**शिक्षक:** यो नक्सामा अजयमेरु गाउँपालिकाको सिमानामा रहेका पालिका पनि देखाइएको छ नि । लौ हेर त- पूर्वमा डडेल्धुरा जिल्लाको अमगरगढी नगरपालिका, पश्चिममा बैतडी जिल्लाको मेलौली नगरपालिका उत्तरमा बैतडी कै पाटन नगरपालिका र दक्षिणमा डडेल्धुरा जिल्लाको भागेश्वर गाउँपालिका पर्छन् ।

**आशिष:** हाम्रो गाउँपालिकाका अरु प्रसिद्ध कुराहरु के के रहेका छन् सर ?

**शिक्षक:** अरु प्रसिद्ध कुराहरुमा यो गाउँपालिकाको वाड नं. ५ र ६ को प्रमुख धार्मिक स्थल डागेश्वरी मन्दिर,वाड नं. ६ मा पर्ने गंगेश्वर मन्दिर वाड.न ५ मा पर्ने हंसराज मन्दिर वाड नं. ४ मा पर्ने जगन्नाथ

मन्दिर वाड नं. ३ दुर्गा भगवती मन्दिर वाड नं. २ मा पर्ने वीर वेताल मन्दिर र वाड नं. १मा पर्ने कोला समैजी मन्दिर रहेका छन्।

**आशिष:** ए ! हाम्रो गाउँपालिकामा धेरै धार्मिक स्थल रहेकाछन् त । अरु प्राकृतिक कुरा पनि केही छन् र सर ?

**शिक्षक:** प्राकृतिक कुरा पनि छन् नि । अजयमेरु गाउँपालिकाका सवै वार्डहरुमा प्राकृतिक वन रहेका छन् । वाड.न ३ मा गणेशधुरा लेक भन्दा अग्लो प्राकृतिक ठाउँ रहेको छ भने सबभन्दा होचो ठाउँ वाड नं. ६ मा पर्ने भराड रहेको छ ।

**आशिष:** अनि यसमा हाम्रा वार्ड कार्यालयका केन्द्र रहेका ठाउँ र सडक पनि देखाउन सकिन्छ कि सर ?

**शिक्षक:** सकिन्छ नि । किन नहुनु ? अव वार्ड कार्यालयका केन्द्रहरु सवैलाई पायक पर्ने स्थानमा रहेका छन्। यहाँको मुख्य सडक भनेको उग्रतारा मेलौली सडक हो भने बाँकी सडकहरु पालिकाकै शाखा सडक का रुपमा रहेका छन् ।

**आशिष:** नक्सामा यी कुराहरु कसरी देखाउन सकिन्छ सर ?

**शिक्षक:** हो, यो तिमीले राम्रो प्रश्न गर्यौ । नक्सामा यी सवै कुराहरु देखाउन संकेतको प्रयोग गरिएको हुन्छ ।तिनै संकेतका आधारमा सवै कुराको पहिचान गर्न सकिन्छ ।

**आशिष:** ए, त्यसो भए नक्सा त साह्रै उपयोगी रहेछ सर है ? अनि ती संकेत कस्ता हुन्छन सर ?

**शिक्षक:** नक्सा त ज्यादै उपयोगी हो नि । नक्सा मा संकेत देखाउदा  संकेत राख्नु पर्छ ।

**अभ्यास**

तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

(क) नक्सा के हो ?

(ख) नक्सामा के के कुरा देखाउन सकिन्छ ?

(ग) अजयमेरु गाउँपालकाका सिमानामा रहेका पालिकाहरुका नाम लेख्नुहोस् ।

(घ) अजयमेरु गाउँपालिकामा रहेको मुख्य सडक कुन हो ?

(ङ) अजयमेरुका वाड नं. १ देखि वाड नं.६ सम्म का प्रत्येक वडामा रहेका प्रमुख धार्मिक स्थलका नाम लेख्नुहोस्।

**परियोजना कार्य**

अजयमेरु गाउँपालिकाको नक्सामा देखाइएका मुख्य ठाउँहरुको भ्रमण गरी ती ठाउँहरुका बारेमा उल्लेख गरि एउटा प्रतिवेदन लेख्नुहोस् ।

अजयमेरु गाउँपालिका को नक्सा बनाइ त्यस्मा संकेतमा आधारमा यहाँको मुख्य ठाउँहरु देखाउनुहोस ।

# पाठ-२ अजयमेरु गाउँपालिकाको नामाकण

कुनै पनि ठाउँको नामाकरणका पछाडी केही न केही किवदन्ती या ईतिहास लुकेको हुन्छ। ती इतिहास तथा किबदन्तिहरु कुनै जानकारीमा नआएका पनि हुन्छन। यस्ता इतिहासको खोजी गर्दै जादा कुनै पनि ठाउँको नामाकरणको वास्तविकता थाहा हुन्छ । विभिन्न ठाउँका नामाकरण विभिन्न क्षेत्रसँग जोडीएको हुन्छ । कुनै ठाउँको नामाकरण धार्मिक क्षेत्रसँग जोडीएको हुन्छ भने कुनै ठाउँको नामाकरण ऐतिहासिक क्षेत्रसँग जोडिएको हुन्छ। त्यसैगरी कुनै ठाउँको नामाकरण विशिष्ट योगदान गर्ने व्यक्तिसँग जोडिएको हुन्छ भने कुनै ठाउँको नामाकरण जाति विशेस, सामाजिक तथा भौगोलिक क्षेत्र सँग जोडिएको हुन्छ । यी नामकरण भएका ठाउँको किबदन्ति र इतिहास हामीले पूर्वजबाट सिक्दै भावी पुस्तालाई हस्तान्तरण गर्दै जानु पर्दछ । जसबाट उक्त ठाउँको पहिचानको इतिहासले निरन्तरता पाउछ । जस्तै हाम्रो जिल्लामा रहेको अमरगढी नगरपालिकाको नामाकरण नेपालका साहसी योद्धा तथा वीरपुरुष अमरसिह थापाले निर्माण गरेको अमरगढी किल्लाको नामबाट रहन गएको हो भने हाम्रै जिल्लामा रहेको प्रमुख मन्दिर भागेश्वरका नाम बाट भागेश्वर गाउँपालिकाको नामकरण गरिएको हो ।

यसै क्रममा अजयमेरु गाउँपालिकाको नामकरणको ऐतिहासिक पक्षको अध्ययन गर्दा ११औ शताब्दी तिर् कत्युरी वंशका राजा अजयपालदेवले अजयमेरु गाउँपालिका वाड नं. २ हाटकोट भन्ने ठाउँमा एउटा कोट निर्माण गरेका थिए । पहिलेका प्रतापी राजाहरुले राज्य संचालन र बस्ती विस्तार गर्ने क्रममा विभिन्न दरवार र कोटको स्थापना गरेको यो कोटको तिनै राजाको नामबाट अजयमेरुकोट रहन गएको भन्ने भनाइ रहेको छ । पछि वि.सं. १४४१ मा भेटिएको अभिलेख अनुसार उक्त कोट रैका वंशका राजा नागमल्लको कोट रहेको थियो । यसरी डडेल्धुरा जिल्ला सदरमुकाम बाट १ घण्टाको पैदल दुरीमा रहेको एक प्रसिद्ध ऐतिहासिक स्थलका रुपमा परिचित अजयमेरुकोटको नामबाटै यस गाउँपालिकाको नामाकरण अजयमेरु गाउँपालिका रहन गएको हो । नेपाल संघीय राज्यमा विभाजन हुनुपूर्व तत्कालिन गाउँ विकास समिती अजयमेरु गा.वि.स पनि यसै कोट कै नामबाट राखिएको थियो । जुन हालको अजयमेरु गाउँपालिका वाड नं.२ बनेको छ ।

**अजयमेरु कोट बारे थप जानकारी**

डडेल्धुरा जिल्ला अजयमेरु गाउँपालिका वडा नम्बर २ हाँटकोट भन्ने स्थानमा बहुचर्चित अजयमेरु कोट छ ।डडेल्धुरा जिल्लाको सदरमुकामबाट पश्चिमतिर दुई घण्टा पैदल बाटो हिँडेपछि तल बस्ती र खेतको बीचमा प्राचीनस्थलको रूपमा अजयमेरुकोट देखिन्छ । यसलाई रणथम्मकोट तथा हाँटकोटको नामले पनि चिनिन्छ । अहिले अजयमेरुकोटसम्म करिब एक घण्टाको सडक पुगिसकेको छ ।बाइसे राज्यकालीन डोटी राज्यको राजधानी अजयमेरुकोट प्राचीन कलाको उत्कृष्ट संयोजनबाट निर्मित दरबार, देबल, पानीका न्वाला, घोडा तबेला, बैठक कक्ष, पोखरी आदि वास्तुकलाको आकर्षण केन्द्र हो ।



एकथरी भनाइ अनुसार कत्युरी राजवंशका राजा अजयपालदेवले ११ औं शताब्दीको सुरुवाततिर यो दरबारको स्थापना गरेका थिए । अजयपालको नामबाट नै अजयमेरुकोटको नामकरण भएको हो । अजयमेरुकोटको नामकरणको तथ्यलाई डोटी खोलाको अभिलेखले पनि प्रमाणित गर्दछ ।
अर्कोतिर स्थानीय गोरख सेटी जीको डायरीमा अजयमेरूकोटका प्रथम राजा रञ्जना पालले कोटको स्थापना १३औं शताब्दीमा गरेको कुरा उल्लेख छ भने कसै-कसैले अजयमेरुकोटको स्थापना १३औं शताब्दीको उत्तरार्द्धमा कत्युरी वंशका दुई भाइ राजकुमार सहस्त्रपाल र निरयपालदेवले वि.सं. १४१९ भन्दा पहिले नै सिंजा राज्यसँग लडाइँ गरी जितेर स्वतन्त्र राज्य घोषणा गरी कोटको स्थापना गरेको मान्दछन् ।

यस कोटलाई केही मान्छेहरू राजा नागी मल्लद्वारा निर्माण गरिएको कोट पनि भन्ने गर्दछन् । तर, वास्तवमा यो कोट कत्युरी वंशजका पाल राजाहरूले नै निर्माण गरेको प्रमाणहरु भेटिन्छन् । रैका राजवंशका नागी मल्लले वि.सं. १४४१ मा अजयमेरुलाई कब्जा गरेपछि मात्रै अजयमेरुकोट नागी मल्लको कोटको रूपमा चिनिन गएको हो । यस ठाउँमा राजा निरय पालदेवका ताम्रपत्र र वि. स. १४१९ सम्मका शीलालेखहरू पाइन्छन् ।

वि.स.१४१९ सम्म अजयमेरुकोट कत्युरी राजवंशका पाल राजाको डोटी क्षेत्रको कोट (दरबार) मानिन्थ्यो । वि.सं.१४४१ को अभिलेख रैका राजवंशका नाग मल्लको भेटिएका कारण वि.स.१४४१ पछि नागी (नाग) मल्लको कोट अजयमेरु भनियो। वि.स.१४१९ देखि १४४१ को अवधि (२२ वर्षसम्म)यस कोट वरपर कुनै प्रमाणहरू नभेटिएको कारण यसबीचको अवधिमा कत्युरी पाल र रैकाका बीचमा युद्ध भएको अवधि मान्न सकिन्छ ।



अजयमेरुकोटमा प्राचीन दरबारको भग्नावशेष, नाउला, देवल, वीरखम्ब, कलात्मक सिलिङ, राजाको बैठकस्थल सहितका ऐतिहासिक वस्तुहरू छरिएर रहेका छन् । हाल अजयमेरुमा रहेका तीन नाउलामध्ये दुई नाउला भग्न अवस्थामा छन् भने एक नाउला पानी खान प्रयोग भइरहेको छ । यस स्थानका नाउला र निरोली, रिसेडीकोट वरपर रहेका नाउलाहरूको वनौट उस्तै-उस्तै देखिन्छ ।

अजमेरुकोटको मुख्य दरबार भएको स्थानको डाँडालाई सर्पले बेरेजस्तै गरी गाड (नदी) ले घेरेको छ । तल गाडदेखि माथि कोट भएको स्थानमा पुग्न १५/२० मिनेट उकालो उक्लनु पर्दछ। यस कोट भएको डाँडामाथि दरबार र राजाका भाइभारदारहरूको बस्ने हबेलीहरू भग्नावशेषको रूपमा देखिन्छन् ।

दरबारको संरचना सबै भत्केको अवस्थामा छ। बन्ने बेलामा मुख्य दरबार सात तलाको बनेको थियो। यसको सबैभन्दा माथिल्लो तलाबाट उत्तराखण्डमा कत्युरी राजाबाट निर्माण गरिएको कत्युरी राजवंशको कुलदेवी जगदम्बा भगवतीको मन्दिरको दर्शन गर्ने र जल चढाउने गरिन्थ्यो।

यही छेऊतिर राजाका घोडा बाँध्ने स्थान छ। यसलाई स्थानीयहरू 'घोलिडाँस' (घोडाको तबेला) भन्ने गर्दछन्। यास दरबारस्थलको पूर्व-दक्षिणबाट तल गाढ (नदी) भएको स्थानसम्म रानीले पानी भर्न र नुहाउन जाने जमिनभित्रबाट कोरेर ढुङ्गाले चिनेर माथिबाट बन्द भएको कोटदेखि गाडसम्म जाँदा अँध्यारो नहोस् भन्ने उद्देश्यले बनाएका २५ वटा झ्यालसहितको प्राचीन सिँढी छ। खेतको नाम करपुटार खेत हो। यसै करपुटार खेतको सिरानमा पानी खाने तीन वटा प्राचीन नाउलाहरू छन्। यी तीन नाउलामध्ये एक नाउलामा खेतमा रोपाइँ भइरहेको अवस्थामा बल्लहरू जुवा र मोहीसहित आएर पानी खाँदा त्यहीँ डुबे भन्ने किवदन्ती रहेको छ। यस करपुटार खेतको गाडतर्फ खेतको किनारमा भैरौँ (भैरव) देवताको थान(स्थान) छ। यो भैरौं देवता तिनै जाड शिल्पकारका पालामा स्थापना गरिएको हो। यहाँ श्रीवेताल, र समैजी देवता पनि छन्। अजैमरुकोट भएको माटो वेताल देवताको हो। अजैमरुकोटको दक्षिणतर्फ गाडदेखि पारि खजानाकोट छ।

कोटस्थलको एक किनारमा नागी मल्लद्वारा धामी नचाउने र तल गाड (नदी) मा फाल्ने ढुंङ्गाको खलो छ। दरबार रहेको स्थानदेखि केही वर डाँडामा एक चाक्लो ढुङ्गा छ। त्यसमा निगालाको मोट्टो राख्ने र त्यसमाथि धेरै संख्यामा कालिगेडा (रिठाका भित्र रहेका कालाकाला दानाहरू) राख्ने गरिन्थ्यो। यी कालिगेडामाथि काँसको थाल राखेर त्यो माथि धामी बसेर नाच्नु पर्ने हुन्थ्यो। यसरी नाच्दा त्यो बसेको स्थान गाडीको चक्का हिंडे जस्तै यताउता सर्ने र बसेको मान्छे धामी काँप्दा पहरोमा खसेर मर्ने गर्दथे। यस प्रकार धेरै देवताका धामीहरू मरेका थिए। यही क्रममा वेताल देवताको पालो आए छ।

श्री बेताल देवताको धामी बोहरा थरका व्यक्ति थिए। ती बुढा थिए, तिनलाई बेतालको धामी आयो। बेताल देवताको शक्तिले त्यहाँका सबै ढुङ्गा, मोट्टो, कालिगेडा र थालीलाई जाम गरिदियो र यसै समयबाट नागी मल्लले धामी लाई पैरोमा लोटाएर मार्ने काम रोकियो भन्ने छ। पछि यस्तै प्रकारको शक्ति समैजी, भागेश्वर, घटाल र उग्रताराका धामी काम्दा पनि देखियो भनिन्छ।

अजयमेरुको परिचयसँगै राजा नागि मल्लको व्यक्तिगत इतिहासले थप रोचकता बढाउँदछ। विशेषगरी अजयमेरुकोटमा नागि मल्लको छाप गहिरो रुपमा परेको पाइन्छ। कत्युरी राजवंशका पाल राजाहरूको प्रभुत्व समाप्त गरिसकेपछि आफ्नो राज्यकालमा यस क्षेत्रमा नागी मल्लले ठूलो क्रुरता देखाएको र भ्रष्ट राजाको रुपमा आफूलाई चिनाएको पाइन्छ।


देवीदेवताहरूमाथि आफ्नो बस चलाउन खोज्ने, यस क्षेत्रका देवताहरूभन्दा ठूलो म हुँ भनी देवी देवताहरूको अपमान गर्ने, देवी देवतालाई चढाइने अंश सर्वप्रथम आफूलाई चढाउन लगाउने, प्रजाहरूलाई देवताको पूजा गर्न नदिने, मन्दिर मूर्तिहरू तोड्न लगाउने, देवताका धामीहरूको अपमान

गर्ने,  भिरको टुप्पोमा धामी काम्न लगाउने र खसालेर गाड (नदीमा) फाल्ने अनि मार्ने, इन्द्रजालद्वारा सबै देवताहरूलाई बसमा पार्न खोज्ने, राज्यका चेलिबेटीमाथि करणी गर्ने, कसैले नवविवाह गरेमा पहिलो रात आफू भोग गर्नेजस्ता कुकर्महरू गरी प्रजालाई दु:ख दिएको पाइन्छ। नागी मल्लले १४४१ देखि १४५० सम्म जम्मा ९ वर्ष शासन गरेको देखिन्छ। देवीदेवताहरूमाथि धेरै ज्यादती गरिसकेपछि शासनको अन्त्यतिर यो क्षेत्रका ठूला देवताहरू भागेश्वर, बेताल, समैजी, उग्रतारा आदिको श्राप लागेर नागी मल्लले ठूलो दु:ख पाएको किम्बदन्ती छ।



खाना खाए चामलको किरा भैदिने,  दुध रगत भइदिने, राति सुत्नेबेला खाट उल्टा फर्किदिने, दरबार हल्लिने र शरीर पूरै कुष्ठरोगले ग्रसित भएको भनिन्छ। खासगरी यो सब प्रक्रिया  भागेश्वर देवताकी बहिनी डागेश्वरीदेवीको अपमानपछि उनले भागेश्वर देवतालाई गुनासो गरिसकेपछि सुरू भएको हो भनिन्छ। त्यसपश्चात नागि मल्लले तत्काल देवी डागेश्वरीको मन्दिर निर्माण गर्नु परेको किम्बदन्ती छ। आफूलाई सन्चो होस् भनेर अन्तिमतिर सबै देवीदेवताका मन्दिर बनाउने, घण्टा चढाउने, देउकी चढाउने आदि विकासका कामहरू गरेको देखिन्छ।

अन्त्यमा नागि मल्लको ज्यादती र प्रभुत्व चन्द राजवंशका  कुल्लेककोटका महाराजा रन्धौलाद्वारा समाप्त भएको चन्द वंशको इतिहासमा उल्लेख छ । अजयमेरूबाट नागी मल्लको प्रभुत्व समाप्त भइसकेपछि यस स्थानलाई केन्द्र मानेर कसैले पनि राज्य गरेको देखिँदैन। आफ्नो प्रभुत्व समाप्त भएपछि राजा नागी मल्ल बझाङ राज्यमा सरण लिन पुगेको देखिन्छ।



उनको विवाहिता रानीपट्टीबाट एउटा छोरी रहेको र उनको विवाह भारतको रुपेडिया नजिकका जाटकुमारसँग भएको मानिन्छ। उनका सन्तान अहिले रुपेडियाकै आसपास भेटिन्छन् ।

यो स्थल ऐतिहासिक मल्लकालको दरबार अवलोकनको लागि प्रसिद्ध छ । प्राय: पर्यटकहरू यस दरबारको अवलोकन गर्न, वैशाख, जेठ महिनामा आउँदछन्। त्यसैगरी, यहाँ पुरातात्विक उत्खनन र अध्ययनको लागि पनि विज्ञहरू आउँदछन् । यस स्थलमा वार्षिक सरदर ८-९ हजार मानिसहरूले भ्रमण गर्दछन् । ती भ्रमण गर्ने मानिसहरू नेपालको ७७ जिल्लाहरू र भारतबाट समेत आउँदछन् । यस कोटको खास विशेषताहरूमध्ये विशाल चट्टानमाथि करिब ५ रोपनीको थुंकोमा रहेको किल्लाको अवशेष तिनतिर मजारगाड (खोला) ले घेरिएको मध्यकालीन किल्ला र वास्तुकलाको महत्त्वपूर्ण रुप हुन् ।

सम्पदाहरू नै नलेखिएको इतिहासका खुला किताब हुन् । इतिहासका धरोहरहरूको संरक्षण र प्रवर्द्धनले नै पर्यटन विकास सम्भव छ र नेपालको सन्दर्भमा पर्यटनको विकासले मात्रै तीव्र आर्थिक समृद्धि सम्भव छ । हाम्रो यस सुदूरपश्चिम क्षेत्रको गौरवमय इतिहास बोकेका यस्ता धरोहरहरूको संरक्षण तथा प्रवर्द्धन हाम्रा लागि आजको मुख्य चुनौतीको विषय हो ।

अजयमेरू क्षेत्रको अवलोकन र अध्ययन गर्दा राष्ट्रिय सम्पदाको सूचीको अग्रपंक्तिमा यसको नाम हुनुपर्ने देखिन्छ तर अजयमेरुदेखि अझै सबै अनभिज्ञ नै देखिन्छन् । देश तथा विदेशमा अजयमेरुको बारेमा जानकारी गराउनको लागि यहाँको स्थानीय सरकारले चासो र सक्रियता देखाउनु पर्दछ । विशेषगरी युवापिंढी यसतर्फ ध्यानाकर्षण गर्नुपर्ने र विकासमा खटिनुपर्छ । यस क्षेत्रको बढी भन्दा बढी प्रचार-प्रसार र प्रवर्द्धन गर्नु पर्दछ ।

**अभ्यास**

१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

(क) कुनै ठाउँको नामकरण गरिने क्षेत्रहरु के के हुन्छन ?

(ख) अजयमेरु कोटको स्थापना किन गरिएको हो ?

(ग) अजयमेरु गाउँपालिकाको नामकरण कस्को नामबाट गरिएको हो ?

(घ) अमगरगढी नगरपालिकाको नामकरण कस्को नामबाट गरिएको हो ?

(ङ) कुनै ठाउँको नामाकरणको वास्तविकता थाहा पाउन के गर्नुपर्छ ।

(च) च) अजयमेरु क्षेत्रको संरक्षणमा उचित कदम चालिदिनहुन अनुरोध गर्दै सुदूरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्रीलाई एक पत्र लेख्नुहोस् ।

छ) अजयमेरु कोटको संरक्षणमा तपाईले खेल्न सक्ने भूमिकाको सूची बनाउनुहोस् ।

परियोजना कार्य

- तपाईको समुदायमा भएका मुख्य मुख्य ठाउँहरुको नामकरण गरिएका विभिन्न इतिहास तथा किवंदन्तीहरुको खोजी गरी तिनीहरुका नामाकरण के कसरी गरिएका छन् ? छलफल गरी एउटा प्रतिवेदन लेखी कक्षामा प्रस्तुत गर्नुहोस् ।
- शिक्षकको सहयोगमा सुदूरपश्चिम प्रदेशमा रहेका विशेष योगदान दिएका व्यक्तिहरुबाट नामकरण गरिएका ठाउँहरु,राजमार्गहरु,कुनै ऐतिहासिक ठाउँहरुको सूची बनाउनुहोस् ।
- डडेल्धुरा जिल्लामा रहेका स्थानीय तहको नामकरणको किवंदन्ती तथा इतिहासको खोजी गरी एउटा लेख तयार पार्नुहोस् ।

# पाठ-३ प्राकृतिक स्रोतको महत्त्व

प्रकृतिमा हामीलाई नि:शुल्क प्राप्त हुने स्रोतलाई प्राकृतिक स्रोत भनिन्छ ।यिनीहरुले मानिसलाई विभिन्न कार्य गर्न सहयोग गरेका हुन्छन । हावा, पानी, जमिन, वनजंगल, वन्यजन्तु खनिज पदार्थहरु प्राकृतिक स्रोत हुन् । प्रकृतिको विनाशको कारक तत्व मानव नै छ भने यस्को संरक्षणमा पनि मानिसकै हात रहन्छ । यस्को संरक्षण गर्न सकेमा मात्र प्रकृतिमा मानव समुदाय लगायत सम्पूर्ण सजीव प्राणीहरुको अस्तित्व संभव हुन्छ । हामीलाई प्राकृतिक स्रोतको महत्त्व निम्न कार्यका लागि रहेको छ ।



**१. स्वच्छ हावा र पानीको स्रोत**: सम्पूर्ण प्राणी तथा वनस्पतीलाई आवश्यक पर्ने हावा र पानी प्रकृतिमा नै पाइन्छ । हावा र पानी विना कुनै पनि जीव जनावर बाँच्न सक्दैन । श्वास प्रश्वास गर्न आवश्यक पर्ने हावा र मानिसलाई पिउनका अतिरिक्त अन्य कार्य गर्न वनस्पतीलाई पनि हुर्कन बढ्नका लागि आवश्यक पर्ने पानी प्राकृतिक स्रोतबाट प्राप्त हुन्छ ।

२. **आश्रय स्थल:-** मानिस लगायत सम्पूर्ण जीवजन्तुको बस्ने ठाउँलाई आश्रय स्थल भनिन्छ । प्राकृतिक स्रोत अन्तर्गत पर्ने जमिन सबै मानिसको लागि आश्रय स्थलको रुपमा रहेको महत्त्वपूर्ण स्रोत हो। त्यसैगरी वनजंगल हुर्कन र बढ्न तथा प्राणी जीवजन्तुको लागि बस्ने ठाउँ पनि जमिनले उपलब्ध गराउछ। यसैले हामीलाई जमिनको पनि महत्त्व छ । जमिनमा नै घर बनाउन, बाटोघाटो बनाउन,

खेतीपाती गर्न, तरकारी फलफूल खेती गर्न, उद्योगका लागि कच्चा पदार्थको उत्पादन गर्न पनि प्राकृतिक स्रोत जमिनको महत्त्व छ ।

**३. सौन्दर्यता:-** प्राकृतिक स्रोतको अर्को महत्त्व सौन्दर्यता पनि हो । हिमाल, पहाड, तराइ भू-भाग, नदी ताल, झरना, गुफा आदिले कुनैपनि ठाउँको सौन्दर्यता बढाएका हुन्छन । फूलबारी, बगैचा, पार्क आदिले सौन्दर्यता बढाएर मनलाई आकर्षक गर्ने  मनमोहक दृश्यले मनलाई आकर्षण गरी मनलाई आनन्दित पार्नमा पनि प्राकृतिक स्रोतको महत्त्व छ ।





**४. पर्यटन विकास**:- प्रकृतिमा भएका धार्मिक तथा ऐतिहासिक स्थलहरु, वनजंगल, वन्यजन्तु, झरना, पहाड, खोच, हिमाल आदिले पर्यटकहरुलाई आकर्षित गर्छन । प्राकृतिक दृश्यलाई अवलोकन गर्न र मनलाई आनन्दित पार्न देश तथा विदेशबाट पर्यटकहरु आउँदा पर्यटन विकासमा सघाउ पुग्छ ।

**५. आर्थिक विकास:-** प्राकृतिक स्रोतले विभिन्न माध्यमबाट व्यक्तिको मात्र नभइ राष्ट्रकै आर्थिक विकासमा सहयोग गर्छ । कृषिजन्य उत्पादन, पशुजन्य उत्पादन, उद्योग, कलकारखानाको स्थापना, पर्यटन विकास आदि प्राकृतिक स्रोत हरुबाट आर्थिक विकास हुने स्रोतहरु हुन । यिनीहरुको उचित प्रयोग तथा संरक्षणबाट आर्थिक विकास हुन्छ । यसरी आर्थिक समृद्धि गराउनमा प्राकृतिक श्रोतको ठूलो महत्त्व रहेको छ ।

## <u>अभ्यास</u>

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) प्राकृतिक स्रोत भनेको के हो ?

ख) प्राकृतिक स्रोतको संरक्षण किन गर्नुपर्छ ?

ग) सौन्दर्यताका दृष्टिकोणले प्राकृतिक स्रोतको महत्त्व के छ ?

घ) प्राकृतिक स्रोतले आर्थिक विकासमा कसरी सहयोग गर्छ ?

ङ) प्राकृतिक स्रोतका ४ ओटा महत्त्व लेख्नुहोस् ।

## <u>परियोजना कार्य</u>

तपाईको समूदायमा तथा गाउँपालिकामा के कस्ता प्राकृतिक स्रोत रहेका छन् ? तिनीहरुको अवस्था कस्तो छ ? तिनीहरुले समूदाय तथा गाउँपालिकामा के कस्तो सहयोग पुर्याएका छन् ? छलफल गरी एक प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ- ४ अजयमेरु र डडेल्धुरा जिल्लाको जनसंख्या

नेपालको सुदुरपश्चिम विकास क्षेत्रको पहाडी क्षेत्र र तराइलाई जोड्ने मुख्य केन्द्रको रुपमा रहेको जिल्ला डडेलधुरा हो। संघीय संरचना अनुसार ५ वटा गाउँपालिका र २ वटा नगरपालिका रहेको यो जिल्लाको सदरमूकाम डडेल्धुरा खलङ्गामा रहेको छ। डडेल्धुरा जिल्लाको जनसंख्याको बारेमा चर्चा गर्दा वि.सं. २०६८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या १,३८,५३८ रहेको छ। कुनैपनि ठाउँको जनसंख्या सधै गतिशील हुन्छ।जन्म, मृत्यु र बसाइसराइ जस्ता तत्वहरुले गर्दा यो सधै परिवर्तन भइरहन्छ। कुनैपनि देश वा समाजको वकासका लागि जनसंख्याले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। दक्ष जनशक्तिको उत्पादन पनि जनसंख्या बाटै हुन्छ। कुनै देशमा जनसंख्या वृद्धिले असर पुऱ्याउदैन। भने कुनै देशमा जनसंख्या वृद्धिले विभिन्न क्षेत्रमा नकारात्मक असर पुर्याउछ। जनसंख्यालाई बढाउन रुस, सिङ्गापुर ,डेनमार्क जस्ता देशहरुले जन्म पक्षको नीति लिएको पाइन्छ। तर नेपाल जस्तो विकासोउन्मुख देशमा भने जनसंख्या वृद्धिले सामाजिक तथा आर्थिक क्षेत्रमा नकारात्मक असर परेको छ। जनसंख्याको वितरण पनि सवै ठाउँमा एकैनासको रहेको पाइदैन। भौगोलिक अवस्था, सेवा र सुविधा, उब्जाउ भूमी, रोजगारी आदी ले जनसंख्या वितरणामा प्रभाव पारेको हुन्छ। नेपालमा पनि हिमाली क्षेत्र अत्यन्त विकट, सेवा र सुविधाको अभाव, चिसो, रोजगारीको अभाव आदिले गर्दा यहाँको जनसंख्या कम रहेको छ, भने तराइ प्रदेशमा सेवा र सुविधाको सुलभता, रोजगारी, उब्जाउ भूमीको उपलब्धताले जनसंख्याको चाप बढी रहेको छ। डडेल्धुरा जिल्ला पहाडी क्षेत्रमा पर्ने जिल्ला भएकोले कैलाली, कन्चनपुर भन्दा यहाँको जनसंख्या कम छ। यहाँबाट पनि तराइतिर बसाइसराइ गर्ने क्रम बढ्दो छ। यहाँ भएको जनसंख्यालाई यस जिल्लामा रोजगारी उपलब्ध गराउन कठीन भएकोले बसाइसराइ हुने क्रम बढी छ। अन्य विकट जिल्लाहरुबाट यस जिल्लाको भित्री मधेसमा भने बसाइसराइ गर्ने क्रम रहेको तथ्याङ्कबाट देखिन्छ। डडेल्धुरा जिल्लाको सदरमुकाम संगै जोडिएको जिल्लाका स्थानीय तह मध्ये अजयमेरु गाउँपालिका पनि एक स्थानीय तह हो। ऐतिहासिक कोट अजयमेरुकोट रहेको यो गाउँपालिकामा अन्य प्राचीन देवलहरु, गुफाहरु, वनजंगल, जडीबुटी, धार्मिक स्थलहरु पनि रहेका छन्। वि.सं.२०७८ सालको जनगणना अनुसार यहाँको जनसंख्या १५,१६१ रहेको छ। यस गाउँपालिकामा पनि रोजगारीका अवसर नहुनु, कृषि विकासका लागि सिकाइको अभाव र पशुपालन पनि सन्तोषजनक नहुनु शिक्षा र स्वास्थ्य सेवाको कमी हुने जस्ता कारणहरुले यहाँबाट पनि तराइतिर बसाइसराइ गर्ने क्रम बढी छ।

यहाँका केही युवाहरु वैदेशिक रोजगारतीर गएका छन् । विगत भन्दा जनसंख्या वृद्धिबाट पर्ने असरबारे जनचेतना हुनु, नव विवाहितहरुमा परिवार योजना सम्बन्धि ज्ञान हुनु , बसाइसराइ हुने क्रम बढ्नु आदि कारणले जनसंख्या नियन्त्रणमा आएको छ । डडेल्धुरा जिल्ला र अजयमेरु गाउँपालिकामा जनसंख्याको प्रवृतीको तुलना गर्दा वसाइसराइ हुने क्रम र जनसंख्या नियन्त्रणमा एक रुपता देखिन्छ भने स्वास्थ्य सेवाको सुविधा, शिक्षाको पहुँच, सडक विस्तार र जनसंख्याको उचित व्यवस्थापनमा समग्रमा डडेल्धुरा जिल्ला नै अजयमेरु गाउँपालिकाका भन्दा अगाडी रहेको देखिएको छ । जनसंख्यालाई आकर्षण गर्ने तत्वहरु अजयमेरु गाउँपालिका भन्दा डडेल्धुरा जिल्लामा बढी छन् ।

डडेल्धुराको जनसंख्या विवरण -२०७८

| डडेल्धुरा | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | साक्षरता दर (%) | | | |
| स्थानीय तह | परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औषत आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धिदर (%) | जनघनत्व | जम्मा | पुरुष | महिला |
| अजयमेरु गाउँपालिका | ३४५३ | १५१६१ | ७०२१ | ८१४० | ४.३९ | ८६.२५ | -१.१४ | १०२ | ७५.६६ | ८८.४३ | ६४.८९ |
| आलिताल गाउँपालिका | ३७१० | १८११२ | ८७५६ | ९३५६ | ४.८८ | ९३.५९ | -०.२२ | ६२ | ८१.०३ | ८९.४७ | ७३.२३ |
| अमरगढी नगरपालिका | ६१८२ | २४१४९ | ११८१० | १२३३९ | ३.९१ | ९५.७१ | १.२३ | १७३ | ८१.८३ | ९२.०६ | ७२.३० |
| भागेवर गाउँपालिका | २७९४ | १३१३२ | ६३०४ | ६८२८ | ४.७० | ९२.३३ | -०.७० | ५६ | ८० | ९१.०८ | ६९.९८ |
| गन्यापधुरा गाउँपालिका | ३२८१ | १३७२२ | ६०६४ | ७६५८ | ४.१८ | ७१.१९ | -०.९१ | १०१ | ७४.०९ | ८७.५३ | ६३.९८ |
| नवदुर्गा गाउँपालिका | ४३१८ | १८६७२ | ८१९६ | १०४७६ | ४.३२ | ७८.२४ | -०.६४ | १३२ | ७२.१४ | ८५.३२ | ६२.२८ |
| परशुराम नगरपालिका | ७४३४ | ३५५९० | १६७४१ | १८८४९ | ४.७९ | ८८.८२ | ०.१७ | ८६ | ७८.७४ | ८८.०६ | ७०.७० |
| जम्मा | | १,३८,५३८ | | | | | | | | | |

श्रोतःराष्ट्रिय जनगणना २०७८

## अभ्यास

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) जनसंख्यालाई घटबढ गराउने कारक तत्त्वहरु के के हुन ?

(ख) जनसंख्या वितरणमा कुन कुन कुराले प्रभाव पारेको हुन्छ ?

(ग) विगत भन्दा जनसंख्या वृद्धिमा नियन्त्र हुने कारणहरु के के होलान ?

(घ) वि.सं. २०७८ को जनगणना अनुसार डडेल्धुरा जिल्लाको र अजयमेरु गाउँपालिकाको जनसंख्या कति कति रहेको छ ?

(ङ) अजयमेरु गाउँपालिकाबाट मानिसहरु बसाइसराइ गर्ने कारणहरु के के हुन ?

## परियोजना कार्य

तपाईको वार्डमा रहेको प्रत्येक गाउँको जनसंख्याको तथ्याङ्क संकलन गरी ती गाउँहरुमा जनसंख्या वृद्धि र वसाइसराइको अवस्था बारे तुलनात्मक अध्ययन गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

जनसंख्या सम्बन्धी थप जानकारी

**तालिका २: सुदूरपश्चिम प्रदेशको जिल्लागत जनसंख्याको विवरण**

| जिल्ला | जनसंख्या २०६८ | | | जनसंख्या २०७८ | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| दार्चुला | ६३,६०५ | ६९,६६९ | **१३३,२७४** | ६५,३४९ | ६९,७०७ | **१३५,०५६** |
| बैतडी | ११७,४०७ | १३३,४९१ | **२५०,८९८** | ११५,४२६ | १२८,९७४ | **२४४,४००** |
| डडेलधुरा | ६६,५५६ | ७५,५३८ | **१४२,०९४** | ६५,९३० | ७३,४९० | **१३९,४२०** |
| कञ्चनपुर | २१६,०४२ | २३५,२०६ | **४५१,२४८** | २४३,५९८ | २७४,०४७ | **५१७,६४५** |
| बझाङ्ग | ९२,७९४ | १०२,३६५ | **१९५,१५९** | ८८,९८८ | १००,१०९ | **१८९,०९७** |
| बाजुरा | ६५,८०६ | ६९,१०६ | **१३४,९१२** | ६७,६०८ | ७१,३९० | **१३८,९९८** |
| डोटी | ९७,२५२ | ११४,४९४ | **२११,७४६** | ९५,०६६ | ११०,६१७ | **२०५,६८३** |
| अछाम | १२०,००८ | १३७,४६९ | **२५७,४७७** | १०६,२४० | १२३,५७६ | **२२९,८१६** |
| कैलाली | ३७८,४१७ | ३९७,२९२ | **७७५,७०९** | ४३९,७९२ | ४७१,३६३ | **९११,१५५** |
| **जम्मा** | **१,२१७,८८७** | **१,३३४,६३०** | **२,५५२,५१७** | **१,२८७,९९७** | **१,४२३,२७३** | **२,७११,२७०** |

(स्रोत: केन्द्रीय तथ्याङ्क विभाग)

# एकाइः २ हाम्रा आर्थिक क्रियाकलापहरु

पाठ-१ पेसाले जीवनस्तरमा पारेको प्रभाव

पाठ-२ प्रदेशस्तरमा संचालित तालिमहरु

पाठ-३ सुदूरपश्चिमका उत्पादनका प्रमुख क्षेत्रहरु

पाठ-४ सुदूरपश्चिम प्रदेशका जडीबुटी तथा खनिज

पाठ-५ प्रदेशमा रहेका परम्परागत पेसा र प्रविधि

# पाठ-१ पेसाले जीवनस्तरमा पारेको प्रभाव




हरेक समाजमा विभिन्न व्यक्तिले जीवन निर्वाह का लागि आ-आफ्नो रुचि,क्षमता,र सिप अनुसार काम गरिराखेका हुन्छन् । शिक्षकले पढाउने, किसानले खेतीपाती गर्ने, डाक्टरले बिरामीको उपचार गर्ने काम गर्छन । यसरी दैनिक जीवनयापन गर्नका लागि मानिसहरुले अपनाएका मुख्य काम, व्यवसाय र उद्यमलाई पेसा भनिन्छ । कतिपय पेसाहरु जीवनयापनका लागि परम्परागत रुपमा चल्दै आएका हुन्छन् भने कतिपय पेसाहरु अहिले आएर आधुनिक पेसाका रुपमा रुपान्तर भएका पनि छन् । पेसाहरु क्षेत्र, तह र प्रकृतिका आधारमा फरक फरक हुन्छन् । पेसाले मानिसलाई रोजगार बनाउनुको साथै विभिन्न ज्ञान, सिप तथा क्षमता पनि प्रदान गर्छ ।



पेसा आफैमा सानो वा ठुलो हुदैन । हरेक पेसाको आ-आफ्नो क्षेत्रमा उत्तिकै महत्त्व हुन्छ । हाम्रो गाउँ,ठाउँ समाजमा पेसालाई विभिन्न अर्थबाट परिभाषित गरेको पाइन्छ । तर जीवनयापनका लागि मानिसहरुले गर्ने सवै कार्य पेसा हुन् । कृषि तथा पशुपालन क्षेत्रमा काम गर्ने मानिसको पनि पेसा नै हो ।

मानिसले दैनिक जीवन यापन गर्न तथा आधारभूत आवश्यकता पुरा गर्न विभिन्न किसिमका आधारभूत पेसा अपनाइहरेका हुन्छन् । सिलाई गर्ने फलामको काम गर्ने,छालाका जुत्ता बनाउने, काठको काम गर्ने, घर निर्माण गर्ने, कृषि तथा पशुपालन गर्ने आदि

हाम्रो गाउँघरतिर बढी गर्दै आएका पेसा हुन । यी पेसाले मानिसको जीवनमा सकारात्मक प्रभाव पारेको छ । यस्का साथै शिक्षक, डाक्टर, नर्स, इन्जिनियर, ओभरसियर, जे.टी.ए , प्रशासन क्षेत्र आदि पनि पेसा अन्तर्गत नै पर्दछन् । यी पेसाहरुले एकातिर मानिसलाई जीवनयापन गर्न सजिलो भएको छ भने अर्कोतिर आर्थिक विकास भइ उक्त पूजीलाई अर्को क्षेत्रमा पनि लगानी गर्न सकिन्छ । उत्पादन क्षेत्रमा लगानी  हुदाँ आवश्यक वस्तु उत्पादन भएर मानिसले आफ्ना आवश्यकता पूरा गर्न सक्दछन् । मानिसका आवश्यकताहरु परिपूर्ति भएमा जीवनस्तर स्वत: गुणस्तरीय हुन जान्छ । यस प्रकार कुनै पनि पेसाले जीवनस्तरमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसको कुलत, गलत बानी, व्यवहार, कुविचार, चोरी, डकैती, गुण्डागर्दि आदि कार्यले भने पेसामा लागेका व्यक्तिको पनि जीवनस्तरमा नकारात्मक प्रभाव पार्छ ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस्।**

(क) पेसा भनेको के हो ?

(ख) हाम्रो गाउँघरतिर अपनाउदै गरेका मुख्य पेसाहरु के के हुन् ?

(ग) पेसाले मानिसको जीवनमा कस्तो प्रभाव पार्छ ?

(घ) कृषि तथा वन क्षेत्रका कुनै ४ ओटा पेसाहरुका उदाहरण दिनुहोस्।

(ङ) पेसाले मानिसलाई कुन कार्यमा सहयोग गर्छ ?

**परियोजना कार्य**

तपाईको समुदायमा के कस्ता पेसामा संलग्न मानिसहरु बसोबास गर्छन? तिनिहरुको सूची बनाइ ती पेसाले जीवनस्तरमा पारेको प्रभाव बारे उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस्।

# पाठ-२ प्रदेशस्तरमा संचालित तालिमहरु

मानिसहरुलाई कुनै पनि काम गर्नका लागि ज्ञान र सिपको आवश्यकता पर्छ। यस्तो ज्ञान तथा सिप आर्जनका लागि मानिसलाई शिक्षा दिइन्छ । शिक्षाले विभिन्न कुराहरुको जानकारी दिनुको साथै सामाजिक नीति नियम, नैतिक शिक्षाका कुरा, रहनसहन, गणितीय ज्ञान, इतिहास, भूगोल आदिको बारेमा ज्ञान दिन्छ । तर तालिमले आफूले पाप्त गरी व्यवहारिक जीवनमा लागु गर्न सहयोग गर्छ । यसरी आफूसँग नभएका सिप सिक्ने र सिकेपछि अरुलाई सिकाउने क्रियाकलाप नै तालिम हो । यस्ता तालिमहरु उद्देश्य अनुसार विभिन्न अवधि का हुन्छन । पेसा र रोजगारी शुरु गर्न वा तिनको विकास गर्न सामान्य तालिमको आवश्यकता पर्छ  भने कुनै पनि व्यवसायमा सिपमूलक रोजगारी गर्न र आवश्यकता अनुसार व्यवसाय सुरु गर्न व्यावसायिक तालिमको आवश्यकता पर्छ । कुनै विषयको ज्ञान प्राप्त गर्न दिइने तालिम साधारण तालिम हो । उदाहरणका लागि जानकारी हुनुपर्ने विषय र यसको कानुनी प्रक्रिया आदि विषयमा दिइने तालिम साधारण तालिम हो । व्यक्तिको जीवनलाई सहज बनाउन र व्यवसाय संचालन गर्न सक्ने क्षमता प्रदान गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा आफै स्वरोजगार गर्न सक्ने तालिमलाई सिपमूलक तालिम भनिन्छ। जस्तै मैनबत्ती बनाउने अचार बनाउने, कलकारखाना र उद्योग सम्बन्धि तालिम, लेखा व्यवस्थापन बजार व्यवस्थापन आदि सिपमूलक तालिम हुन ।

सुदूरपश्चिम प्रदेशमा पनि हरेक जिल्लाका घरेलु तथा साना उद्योग विकास समिति मार्फत विभिन्न तालिमहरु संचालनमा रहेका छन् । त्यसै गरी भीमदत्त नगरपालिका कन्चनपुरमा नेपाल उद्योग वाणिज्य महासंघले प्राविधिक शिक्षालय संचालन गरेको छ ।





यसले उद्योग र व्यवसायमा रोजगार पाउन सक्ने जनशक्ति उत्पादन गर्न स्थानीय व्यक्तिहरुलाई छोटो अवधिका तालिम दिने गर्छ । त्यस्तै धनगढी र कंचनपुरमा दक्ष सिपयुक्त कामदार तयार गर्न सिप विकास तालिम केन्द्रको स्थापना गरिएको छ ।

यी केन्द्र तथा शिक्षालयमा तालिम लिने प्रशिक्षार्थीहरु रोजगारीको बजारमा सहजै प्रवेश गर्न सक्छन् । सुदूरपश्चिम प्रदेशमा संचालित तालिमहरु यस प्रकार रहेका छन् ।

घरेलु तथा साना उद्योग विकास समितीबाट सुदूरपश्चिम प्रदेशमा संचालित तालिमहरु:-

- सिलाई कटाइ
- महिला ब्युटिसियन
- फलफूल प्रशोधन
- तरकारी प्रशोधन
- सिमेन्ट हलो ब्लक
- हाउस वाइरिङ
- भिमल प्रशोधन र बुनाइ
- मौरीघार निर्माण
- मोटर साइकल मर्मत
- धातुका भाडाँकुडा निर्माण
- माटोका भाँडा बनाउने
- दालमोठ, आलु चिप्स
- जुत्ता सिलाई तथा मर्मत
- मसला बनाउने
- साइकल रिक्सा मर्मत
- सुधारिएको धुवारहित चुलो निर्माण







- कम्प्युटर तालिम (आधारभुत)
- अचार, गुन्द्रुक, मस्यौरा, सिन्की बनाउने
- रेडियो टि.भी मर्मत
- फोटो तथा भिडीयोग्राफी
- बाँसका सामग्री निर्माण
- उनी कपडा बुनाइ
- ड्राइभिङ
- उद्यमशिलता विकास तालिम



**अभ्यास**

१.तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क)  तालिम भनेको के हो ?

(ख) व्यक्तिलाई तालिमको आश्यकता किन पर्छ ?

(ग) कस्तो तालिमलाई सिपमूलक तालिम भनिन्छ ?

(घ) सुदूरपश्चिम प्रदेशमा घरेलु तथा साना उद्योग विकास समिति दिने गरेका कुनै ५ ओटा तालिमको नाम लेख्नुहोस् ।

(ङ) एउटा समूह संचालनका लागि जानकारी पाउनुपर्ने विषयवस्तु र कानुनी प्रकृयाका बारेमा दिइने तालिम कस्तो प्रकारको तालिम के हो ?

**परियोजना कार्य**

प्रदेशमा संचालित तालिम मध्ये तपाईको समूदाय स्थानीय तह तथा जिल्लामा के के तालिम संचालन हुन्छन ? स्थानीय जनप्रतिनिधि, वडा कार्यालय तथा अन्य व्यक्ति संग छलफल तथा सोधपुछ गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-३ सुदूरपश्चिमका उत्पादनका प्रमुख क्षेत्रहरु



जुनसुकै ठाउँमा पनि वस्तुको उत्पादन हुने क्षेत्र भनेका कृषि, पशुपक्षी, प्राकृतिक तथा औद्योगिक क्षेत्र हुन् । सुदूरपश्चिम प्रदेशको भौगोलिक वनावट हेर्दा हिमाल, पहाड र तराइ तिनै क्षेत्र यहाँ रहेका छन् । त्यसैले यो प्रदेश प्राकृतिक स्रोत तथा सम्पदाले भरिपूर्ण भएको प्रदेश हो । तराइ मात्र नभएर यो प्रदेशमा कृषि क्षेत्रको लागि पहाडी क्षेत्र पनि उत्तिकै उत्पादन हुने क्षेत्रका रुपमा चिनिन्छ । कृषि तथ पशुपंक्षी क्षेत्रबाट सवैभन्दा बढी उत्पादन हुन्छ भने औद्योगिक क्षेत्र खास फष्टाएको छैन । प्राकृतिक क्षेत्रबाट केही मात्रामा खनिज र जडीबुटीको उत्पादन गरिन्छ । हिमाली क्षेत्र विभिन्न जडीबुटी उत्पादन हुने प्रमुख क्षेत्र मानिन्छ । यस प्रदेशको दार्चुला र बैतडीको उच्च पहाडी क्षेत्रमा वसोवास गर्ने मानिसहरुले यार्सागुम्बा, बोझो गनानो आदि जडीबुटी संकलन तथा बिक्री वितरण गर्दछन् । यसैगरी यस प्रदेशको डडेल्धुरा, बैतडी, अछाम, बझाङ र डोटी जिल्लाका केही क्षेत्रहरुमा चिराइतो, बोझो, टिमुर, धतुरो, अमला, दालचिनी, सेलफोडे आदि जडीबुटी पाइने प्रमुख क्षेत्र हुन।

तराइका कंचनपुर र कैलाली जिल्लामा पनि हर्रो, बर्रो, राजवृक्ष, सर्पगन्धा आदि जडीबुटी पाइन्छन । यस प्रदेशका ९ ओटै जिल्लाहरुमा कृषि र पशुपालन भने सबै स्थानीय तह अन्तर्गत रहेका प्राय: सवै व्यक्तिहरुले गरेका छन् । खाद्यान्न उत्पादनका लागि यस प्रदेशको कैलाली कंचनपुर जिल्ला नै प्रमुख क्षेत्र मानिन्छन् । भने पहाडी क्षेत्रमा रहेका जिल्लाका पनि केही क्षेत्रहरुमा सिँचाइ सुविधा भएकाले खाद्यान्न उत्पादन हुने गर्छ । हरेक स्थानीय तहले कृषिमा विभिन्न सहयोग तथा अनुदान उपलब्ध गराउदै आएकाले पहाडी क्षेत्रमा अधिकांश व्यक्तिहरुले आफ्नो जमिनलाई तरकारी तथा फलफूल खेतीमा प्रयोग गर्ने गरेका छन् । तरकारी उत्पादन हुने क्षेत्रमा कंचनपुरका भिमदत्त नगरपालिका अन्तर्गतका केही क्षेत्रहरु, शुक्लाफाँटा नगरपालिका, वेदकोट नगरपालिका र बेलौरी

नगरपालिकाका केही क्षेत्रहरु तथा कैलालीका पनि विभन्न क्षेत्रहरु रहेका छन् । त्यसैगरी बैतडी र डडेल्धुरा जिल्लामा रहेका विभिन्न गाउँतिर कृषि उत्पादन अन्तर्गत भटमास, दलहन बाली, मह, ध्यू आदिको उत्पादन गरिन्छ ।



औद्योगिक उत्पादनमा डडेल्धुरामा २०७९ सालमा भटमासबाट विभिन्न बस्तु उत्पादन गर्ने उद्देश्यले भटमास कम्पनीको स्थापना भएको छ । त्यसै गरी कैलालीको लम्कीमा सगरमाथा जडीबुटी प्रशोधन केन्द्र, कंचनपुरको सिसैयामा मसला उद्योग, चप्पल उद्योग जस्ता उद्योग संचालनमा रहेका छन् । यस प्रदेशका सवै स्थानीय सरकारले आफ्नो नीति तथा कार्यक्रममा कृषिलाई प्राथिमिकतामा राखेकोले सबै गाउँतिर कृषकलाई प्लाष्टिक घर वितरण बीउ वितरण, साना सिचाइका योजन, थोपा सिचाइ, सिचाइ अनुदानमा कृषि समग्री वितरण, पशुपालनमा अनुदान, बाख्राखोर निर्माण आदि कार्य गर्दै आएका छन् । यसबाट प्रदेशकै कृषि तथा पशुपालनबाट उत्पादनमा वृद्धि भएको छ । यसैगरी प्राकृतिक रुपमा प्राप्त जडीबुटी तथा खनिजको क्षेत्रमा पनि स्थानीय सरकारले ठोस कार्य नीति लिएमा यस क्षेत्रमा पनि सुधार भइ आर्थिक वृद्धि हुने देखिन्छ ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

क) सुदूरपश्चिम प्रदेशमा पाइने प्रमुख जडीबुटी के के हुन ?

ख) कृषि तथा पशुपालनबाट उत्पादन हुने वस्तुहरु के के हुन ?

ग) स्थानीय सरकारले कृषि क्षेत्रमा के कस्ता कार्य गरी किसानलाई सहयोग गर्न सक्छ?

घ) सु.प प्रदेशमा भएका उद्योगको सूची बनाउनुहोस।

## परियोजना कार्य

तपाईको समुदायमा कृषिबाट उत्पादन हुने वस्तुहरु के के छन् ? कृषि क्षेत्रमा स्थानीय तथा प्रदेश सरकारले के कस्तो सहयोग पुऱ्याउदै आएको छ ? शिक्षकको सहायताबाट छलफल गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-४ सुदूरपश्चिम प्रदेशका जडीबुटी तथा खनिज

प्राकृतिक स्रोतका रुपमा रहेका जमिन र वनजंगलमा उपलब्ध हुने औषधीयगुण भएका वस्तुलाई जडीबुटी भनिन्छ, भने प्रकृति भित्र रहेका र उत्खनन कार्य गरी प्राप्त गर्न सकिने वस्तुलाई खनिज भनिन्छ। जडीबुटी र खनिजको सम्भावनाको खोजी गर्न विभिन्न भू-गर्ववविद तथा आयुर्वैदिक विज्ञबाट गहन अध्ययन तथा अनुसन्धानको आवश्यकता पर्छ । सुदूरपश्चिम प्रदेशमा रहेका पहाडी र हिमाली क्षेत्रमा पर्ने दार्चुला , बैतडी, डडेल्धुरा, अछाम, बझाङ, वाजुरा र डोटी जिल्लामा जडीबुटी र खनिजहरु प्राप्त हुन्छन । भने यिनीहरुको व्यापक अनुसंन्धान र अध्ययन गर्न सके अझ बढी मात्रामा प्राप्त गर्न सकिने सम्भावना रहेको छ । यस प्रदेशको दार्चुला, बाजुरा, वझाङ मा यार्सागुम्बा, पाँचऔले, झ्याउ, भोजपत्र, पदमचाल, लौठसल्ला आदि जातका जडीबुटी रहेका छन्, भने अन्य जिल्ला बैतडी, डडेल्धुरा, अछाम र डोटीका वनजंगलमा तितेपाती, दालचिनी, अमला, सतुवा, बोझो, टिमुर, धुपी, रिठ्ठा कुमकुम आदि जडीबुटी पाइन्छन ।

सुदूरपश्चिम प्रदेशका पहाडी र हिमाली जिल्लाहरु जडीबुटीको भण्डार भएका जिल्लाका रुपमा परिचित छन् । यहाँ हरेक किसिमका रोगका औषधी पाइन्छन् । तर तिनीहरुको संकलन अध्ययन तथा प्रशोधनको अभावका कारण जडीबुटीको प्रचार भएको छैन ।

शहरभन्दा पनि ग्रामिण क्षेत्रमा रहेका वनजंगलर कान्लाहरुमा विभिन्न किसिमका जडीबुटी पाइन्छन् । यहाँ रहेको प्रदेश सरकार तथा सवै स्थानीय सरकारहरुले आ-आफ्नो क्षेत्रमा पाइने जडीबुटीको अध्ययन गरी संकलन गरेर प्रशोधन केन्द्रमा पठाएर प्रशोधन गर्न सके सुदूरपश्चिम प्रदेशमा आर्थिक स्रोतको मुख्य स्रोत जडीबुटी हुने सम्भावना रहेको छ । जडीबुटीको प्रशोधन गरी अन्य देशमा पनि पैठारी गर्न सके आर्थिक विकास तिव्र हुने र यहाँका स्थानीय नागरिकको पनि जीवनस्तरमा सुधार हुने सम्भावना रहेको छ। आयुर्वेदिक औषधी बन्ने कच्चा पदार्थका रुपमा रहेको जडीबुटीलाई अहिले गाउँघरतिर सोझै वनजंगल अथवा कान्लाबाट ल्याएर प्रयोग गर्ने प्रचलन नै रहेको छ । तर त्यसरी जडीबुटीको प्रयोग गरी रोग निको भएतापनि जडीबुटीको प्रचारप्रसार हुन सकेको छैन । जसबाट जडीबुटीलाई आर्थिक स्रोतका रुपमा लिन सकिएको छैन ।

प्रदेशमा भएका खनिजका सम्बन्धमा अध्ययन गर्दा खानी तथा भू-गर्भ विभागले यस प्रदेशका विभिन्न जिल्लामा खनिज पाइने अनुमान गरेको छ भने केही खनिज भेट्टाइएका पनि छन् । उत्खनन भनेको पृथ्वीको भित्री भागमा रहेका वस्तुलाई बाहिर निकाल्नका लागि जमिनलाई खन्ने र खोतल्ने कार्य हो । सुदूरपश्चिम प्रदेशको बैतडी जिल्लामा फलामखानी, सिसा र फस्फोरसको सम्भावना रहेको छ भने डोटीमा अभ्रख, महाभारत पर्वत श्रृखलामा मार्वल बझाङका तारुगाड, जुइलागाडमा फस्फोरस वाजुरा र डडेल्धुरका विभिन्न ठाउँमा स्लेट खानी, नाम्पा हिमालमा निकेल पाइने सम्भावना रहेको छ । यी खनिजको उत्खनन कार्य गरी खनिज प्राप्त भएमा विभिन्न उद्योगहरु संचालनमा ल्याएर वस्तुहरु उत्पादन गरी बजारतिर पैठारी गर्न सकिने सम्भावना पनि छ । खनिजको महत्त्व धेरै पहिले बाट नै रहेको पाइन्छ ।



दार्चुलाको जडिवुटी प्रशोधन केन्द्र

नेपाल राष्ट्रको एकीकरण गर्ने राजा पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा "खानी भयाका ठाउँमा गाउँ भया पनि गाउँलाई अरु जग्गामा सारीकन खानी चलाउनु" भन्ने उल्लेख भएबाट पनि खनिजको महत्त्व धेरै रहेको पाइन्छ । खनिज अन्वेषण र उत्खननका लागि दक्ष जनशक्तिको उपलब्धता नै पहिलो आवश्यकता हो । जनशक्ति दक्ष छैन भने जस्तोसुकै प्रविधि भएपनि खनिज प्राप्त गर्न सकिदैन । बैतडीमा फलाम र सिसा, वझांङमा फलाम र डोटीमा फलाम र अभ्रख लगाएतका धातुहरु पाउन सकिने एक अध्ययनले देखाएको छ । यसैले सुदूरपश्चिम प्रदेशको विभिन्न क्षेत्रमा खनिजको संभाव्यता अध्ययन तथा अन्वेषक कार्यलाई प्रदेश सरकारले विशेष प्राथमिकतामा राखी काम अगाडी बढाउनु अति आवश्यक छ ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क) जडीबुटी भनेको के हो ?

ख) हिमाली क्षेत्रमा पाइने कुनै ४ ओटा जडीबुटीका नाम लेख्नुहोस् ।

ग) जडीबुटीको के महत्त्व छ ?

घ) उत्खनन के लाई भनिन्छ ?

ङ) सुदूरपश्चिमका विभिन्न जिल्लामा कुन कुन खनिज पाइने सम्भावना रहेको छ ?

च) खनिज उत्खननका लागि प्रदेश सरकारले के कस्ता कार्य गर्नु आवश्यक छ ?

**परियोजना कार्य**

तपाईको समुदायका के कस्ता जडीबुटी र खनिज पाइन्छन ? तिनिहरुका बारेमा गाउँघरमा छलफल गरी स्थानीय सरकारले जडीबुटी र खनिजको लागि के कस्ता कार्य गर्न सक्छ ? गाउँपालिकाले के के कार्य गर्दै आएको छ ? एउटा प्रतिवेदन लेख्नुहोस् ।

# पाठ-५ प्रदेशमा रहेका परम्परागत पेसा र प्रविधि

मानिसहरुले सरल जीवन यापन गर्न र कामलाई छिटो र सहज ढंगले सम्पन्न गर्न पहिले देखि नै प्रचलनमा ल्याएका प्रविधिलाई परम्परागत प्रविधि भनिन्छ । यिनै प्रविधिको विकास र प्रयोग गरी परापूर्वकालमा हाम्रा पूर्वजहरुले गरी आएका पेसालाई परम्परागत पेसा प्रविधि भनिन्छ । यी प्रविधिहरु कम मूल्यका मात्र नभइ स्थानीय स्रोतसाधन र सिपमा आधारित हुनाले टिकाउ र भरपर्दो पनि हुन्छन । यस खाले प्रविधिमा इन्धन नचाहिने हुनाले वातावरण मैत्री पनि हुन्छन । सुदूरपश्चिम प्रदेशका हरेक गाउँघरतिर कैयौ किसिमका स्थानीय प्रविधिहरु विकास गरिएका छन् । यी मध्ये कतीपय लोप हुने अवस्थामा पुगिसकेका छन् भने केही प्रविधिक अहिले पनि प्रचलनमा रहेका छन् । परम्परागत पेसा का रुपमा रहेको यस प्रदेशको कृषि कार्य गर्न प्रयोगमा आउने हलो एक प्रमुख परम्परागत प्रविधि हो । यो हलो पहाडी हिमाली क्षेत्रका जिल्लामा काठको बनाएको हुन्छ भने तराई क्षेत्रमा फलामको पाता जस्तो बनाएको हुन्छ । त्यसैगरी यस प्रदेशको हिमाली र पहाडी जिल्लामा धातुका विभिन्न मूर्ति, भाँडाकुडा र औजार बनाउन आरनको उपयोग गर्ने गरेको पाइन्छ । फलामका औजारमा धार लगाउने भट्टी पनि परम्परागत प्रविधि हो । त्यसमा बाहिरबाट हावा दिने वस्तु सँग जोडेर आगो सल्काएर कोइलालाई रातो हुने गरी तताइन्छ । पहिलेको आरनमा हावा दिने वस्तु पशुको छालाबाट बनेको घोक्रो जस्तै हुने तर आजभोली हातले घुमाउने पाङ्ग्राको प्रयोग गरेर हावा दिने गरिन्छ । त्यसैगरी यस प्रदेशमा रहेका परम्परागत प्रविधिमा तोरी, च्युरी पेल्ने कोल, चुक निचोर्ने प्रयोग गरिने जाँती, पानी घट्ट, खोला वारपार गर्न प्रयोग गरिने तुईन, ढिकी, खल, वेलना चौकी, मदानी, हँसिया, कोदालो आदि छन् । यी प्रविधिहरु मध्ये धैरै प्रविधिलाई आधुनिक प्रविधिले विस्थापित गरेको छ । आधुनिक यन्त्र उपकरण र इन्धनको प्रयोगले कम समयमा धैरै काम गर्न सकिने प्रविधिको विकास भएकाले परम्परागत पेसा तथा प्रविधि लोप हुने अवस्था सिर्जना हुन पुगेको छ ।



परम्परागत पेसा प्रविधिले अहिलेको युगलाई पछयाउन नसकेता पनि आधुनिक प्रविधिको विकास भने परम्परागत प्रविधि कै आधारमा गरिएको हो । जस्तैः पानी घट्टको सट्टामा आएका पिसानी गर्ने मिलहरुको पनि प्रविधि घट्ट बाटै सुरु भएको हो । सुदूरपश्चिममा रहेका कुनै कुनै अति दुर्गम तथा विकट क्षेत्र तिर परम्परागत पेसा प्रविधि बढी मात्रामा प्रयोग भइनै रहेका छन् । कैलाली, कञ्चनपुर तथा हिमाली र पहाडी क्षेत्रका अन्य जिल्लामा भने अधिकांस ठाँउमा आधुनिक प्रविधको बढी प्रयोग भएको पाइन्छ । परम्परागत पेसा र प्रविधिले मानिसलाई सामान्य गुजारा गर्न पनि कठिनाई भएको र परम्परागत प्रविधिको प्रयोग गरि काम गर्दा समयको खर्च बढी लाग्ने, श्रम पनि बढी खर्च हुने भएकोले परम्परागत प्रविधिको प्रयोगमा न्यनू हुनु गई आधुनिक प्रविधिहरु तर्फ मानिसको आकर्षण वढी भई रहेको पाइन्छ ।



**अभ्यास**

**१ तलका प्रशनको उत्तर दिनुहोस् ।**

क. परम्परागत प्रविधि भनेको के हो ?

ख. परम्परागत पेसा र प्रविधिलाई अहिले आएर छोड्ने संख्या बढ्नुका कारण के के हुन् ?

ग. परम्परागत प्रविधि आरनको बारेमा लेख्नुहोस् ।

घ. सुदूरपश्चिम प्रदेशमा रहेका परम्परागत प्रविधि के के छन् ? सूची बनाउनुहोस् ।

ङ. 'परम्परागत प्रविधिबाटै आधुनिक प्रविधिको विकास भएको हो ।' यस भनाईलाई उदाहरण सहित पुष्टि गर्नुहोस् ।

परियोजना कार्य

तपाईको समुदायमा भएका परम्परागत प्रविधिको सूची बनाई तिनीहरुले मानव जिवनमा पारेको प्रभाव झल्कने गरि एउटा लेख तयार पार्नुहोस् ।

# एकाइ -३ हाम्रा विकास कार्यहरु

**पाठः १ सुदूरपश्चिम प्रदेशका सडकहरु**

**पाठः २ सुदूरपश्चिमका विकासका पूर्वाधारहरु**

**पाठ-३ सुदूरपश्चिम प्रदेश भित्रका विकास कार्यहरु**

**पाठ-४ सुदूरपश्चिम प्रदेशमा विकासका पूर्वाधारहरुको सम्भावना**

# पाठः १ सुदूरपश्चिम प्रदेशका सडकहरु


विकासका पूर्वाधार मध्ये को एक प्रमुख पूर्वाधारहरुको आवागमनको लागि प्रयोग हुने मार्ग हो । सडक यातायातको पहुँच भएको ठाउँमा व्यापार मा वृद्धि, रोजगारी, उत्पादनमा बृद्धि लगानीमा बृद्धि जीवनस्तरमा सुधार भइ आर्थिक वृद्धि पनि हुनेगर्छ । सडक विस्तारमा कुनै पनि ठाउँको भौगोलिक विकटता र देशको आर्थिक अवस्था ठूलो चुनौतीको विषय बनेको हुन्छ । देशको भौगोलिक बनोट एवमं प्राकृतिक अवस्था सुहाउदो र बढदो शहरीकरणको प्रक्रियालाई धान्न सक्ने २१ औं शताब्दीको गतिशिल एवमं सुहाउदो यातायात प्रणालीको विकास गर्नु हामी सवैको आकाक्षां रहेको हुन्छ । तर न्यूनतम स्रोतबाट शीघ्रातिशीघ्र दुर्गम एवम पिछीडीएको क्षेत्रमा यातायातको सुविधा पुर्याउनु निकै जटील कार्य हो । सडक संजालको विकास र विस्तारमा उदार एवम लचकपूर्ण कार्य नीति अपनाउनु पर्ने अवस्था एकातिर रहेको छ भने अर्कोतिर हाम्रो आर्थिक अवस्था,प्राविधिक क्षमता र भौगोलिक वनावटले त्यो संभव हुन सकेको छैन। शहरी क्षेत्रमा वातावरण अनुकुल हुने गरी यातायात संरचना निर्माण र व्यवस्थापन गर्नुपर्ने हुन्छ । राष्ट्रिय स्तरका ठूला सडकको दायित्व केन्द्रिय निकायले र जिल्ला, नगर र ग्रामिण क्षेत्रमा सडकको दायित्व स्थानीय विकासले लिनुपर्ने हुन्छ । सडक यातायातको विकास गर्न गुरु योजना तयार गरी सोही अनुसार निर्माण गर्नुपर्छ । सडक निर्माण गर्नु मात्र ठूलो कुरा होइन, उक्त सडक सवारी साधनका लागि सुरक्षित, भरपर्दो, सुविधाजनक, सर्वसुलभ र प्रदुषणमुक्त हुनुपर्छ । यातायात संरचनाको विकास तथा विस्तारमा निजी क्षेत्रलाई पनि वढी संलग्न गराउनु आवश्यक हुन्छ ।

सुदूरपश्चिम प्रदेशमा पनि सडक संजालको विकास तीव्र रुपमा भइरहेको छ । यस प्रदेशका ९ ओटै जिल्लामा सडक संजालको विस्तार, विकास तथा स्तरोन्नतीको कार्य अगाडी बढेको छ । यस प्रदेशमा रहेका तराइका २ जिल्ला कंचनपुर र कैलालीमा सडकको विकास एकदमै राम्रो रहेको छ । जिल्लामा रहेका नगरपालिका र गाउँपालिकाका ग्रामिण क्षेत्रसम्म पनि पक्की सडकको निर्माण कार्य सम्पन्न भएका छन् भने केही सडकहरु पक्की हुने प्रकृयामा रहेका छन् । पहाडी जिल्ला र हिमाली जिल्लाका जिल्ला सदरमुकाम सम्म पुग्ने सडकहरु पनि पक्की भइसकेका छन् भने ग्रामिण सडकहरुको स्तरोन्नतीका कामहरु भइरहेका छन् । यस प्रदेशमा रहेका पहाडी र हिमाली जिल्लालाई तराइका जिल्ला सम्म जोड्ने प्रमुख सडकका रुपमा धनगढी डडेल्धुरा राजमार्ग रहेको छ । १३५ कि.मि. लामो उक्त सडकको नामाकरण शहिद भीमदत्त पन्तको नामबाट नामाकरण गरिएको छ । यस

प्रदेशमा रहेका अन्य सडकहरुमा नाम र दुरी यस प्रकार दिइएको छ।

| क्र.स | सडक | नाम | दुरी कि.मि. |
|---|---|---|---|
| १ | धनगढी-डडेल्धुरा | भीमदत्त मार्ग | १३५ |
| २ | डडेल्धुरा-बैतडी | दशरथचन्द मार्ग | १०५ |
| ३ | खोडपे-बझाङ | जयपृथ्वी बहादुर सिहमार्ग | ११० |
| ४ | स्याउले-सिलगडी | डा.के आई सिह मार्ग | ६५ |
| ५ | गड्डाचौकी-चिसापानी | महेन्द्र राजमार्ग (एकखण्ड) | १२५ |
| ६ | सतबाँझ-गोकुलेश्वर | | ६४ |
| ७ | गोकुले-दार्चुला | | ८० |
| ८ | पाटन-मेलौली | | ३६ |
| ९ | मोहना-दार्चुला | महाकाली राजमार्ग | ३२० |
| १० | चैनपुर-तल्कोट | सेती राजमार्ग | ३५८ |

**सडकमा पालना गर्नुपर्ने नियम तथा प्रयोग गरिने चिन्हहरु**



अभ्यास

१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

(क) सडक यातायातले कुन- कुरामा सहयोग पुर्याउछ ?

(ख) सडक यातायातलाई सुरक्षित बनाउन के-के कार्य गर्नु आवश्यक हुन्छ ?

(ग) नेपालमा सडकको विकास हुन नसक्नुका कारण के के हुन ?

(घ) सुदूरपश्चिम प्रदेशमा भएका मुख्य सडकका नाम लेख्नुहोस् ।

(ङ) सडकको निर्मण कार्यलाई अगाडी बढाउन के कस्ता कार्य गर्न सकिन्छ ?

**परियोजना कार्य**

तपाईको समुदाय, गाउँपालिका र जिल्लामा संचालनमा रहेका सडकका नामहरु छलफल गरी लेख्नुहोस् र ती सडकको अवस्थाका बारेमा उल्लेख गरी सडक स्तरोन्नतीका लागि के कस्ता कार्य गर्नु आवश्यक छ ? एउटा प्रतिवेदन लेख्नुहोस् ।

# पाठः २ सुदूरपश्चिमका विकासका पूर्वाधारहरु

जनताका लागि सहज देशले सेवा सुविधा उपलब्ध गराउन र देशको आर्थिक तथा सामाजिक विकासका लागि आवश्यक पर्ने भौतिक, मानवीय, प्राकृतिक तथा आर्थिक तत्वलाई विकासका पूर्वाधार भनिन्छ। पूर्वाधारको अभावमा कुनै पनि ठाउँको विकास अगाडि बढ्न सक्दैन। विकासका पूर्वाधारका लागि दक्ष जनशक्ति, धरातलीय स्वरुपको सहजता र विकास पछि मात्र संभव हुन्छ। गाउँगाउँमा बाटोघाटोको निर्माण गरेर मात्रै पर्यटनको विकास , कृषि उत्पादन, बेचविखनकका अवसर,सिचाइको विकास उत्पादनमा वृद्धि हुन्छ । दिगो तथा गुणस्तरीय पूर्वाधारले देशको अर्थतन्त्रलाई चौतर्फि रुपमा प्रगतिको अवसर प्रदान गर्न सक्छ र पूर्वाधार विनाको विकासले कुनै पनि क्षेत्रको विकासले गति प्रदान गर्न सक्दैन। समयमै विकासका पूर्वाधारको विकास हुन नसक्दै शुरु भएको हाम्रो सहरीकरणको अभियानले हाम्रा शहरहरु कुरुप बन्न पुगेका छन् । राष्ट्रिय राजमार्ग, जलविद्युत परियोजना, भौतिक संरचना निर्माण ले मात्र उद्योगको विकासमा मद्दत गर्दछ। शिक्षा र स्वास्थ्य क्षेत्रमा लागिरहने गुणस्तरीय नाराले मात्र विकास संभव छैन। यसका लागि शिक्षाले स्वास्थ्य सेवा पुर्याउने पूर्वाधार हुनु पर्दछ। दक्ष जनशक्ति आवश्यक सामग्री तथा पर्याप्त पूजी शिक्षा र स्वास्थ्यका पूर्वाधार हुन। त्यस्तै विकासका अन्य पूर्वाधारहरुमा खानेपानी, पर्यटन विकासका लागि चाहिने आवश्यक श्रोत र जनशक्ति पर्दछन्। विकासका पूर्वाधारलाई मुख्य गरी चार भागमा वर्गिकरण गर्न सकिन्छ।



- **भौतिक पक्षः** विकास निर्माण कार्यलाई सम्पन्न गर्नका लागि आवश्यक सामग्रीहरुलाई भौतिक पक्ष भनिन्छ। जस्तै घर, भवन, पुल, सडक निर्माण गर्न आवश्यक पर्ने सामग्री जस्तै ढुङगा, वालुवा, सिमेन्ट, छड कर्कटपाता आदि।

- **सामाजिक पक्षः** विकासका पूर्वाधारहरुमा सामाजिक पक्षलाई प्रमुख रुपमा मानिन्छ । विकास निर्माणमा कार्यबाट फाइदा पुग्ने र सो समूहलाई सामाजिक पक्ष भनिन्छ । जस्तै समुदायका व्यक्ति, समूह, उपभोक्ता आदि ।
- **मानवीय पक्षः** विकास निर्माण कार्य सम्पन्न गर्नका लागि दक्ष जनशक्तिले दिएको निर्देशन अनुसार विकास कार्य संचालन हुन्छन । इन्जीनियर, ओभरसियर, डाक्टर, वकिल शिक्षक लगायत अन्य सम्पूर्ण प्राविधिक तथा अप्राविधिक व्यक्तिहरुलाई मानवीय पक्ष भनिन्छ ।
- **आर्थिक पक्षः** विकासका पूर्वाधारहरुमा आर्थिक पक्षलाई प्रमुख पक्षका रुपमा मानिन्छ । विकास निर्माण कार्यका लागि आवश्यक पर्ने वजेट (रकम) लाई आर्थिक पक्ष भनिन्छ । साना देखी ठूला विकास निर्माण कार्यका लागि जुन बजेटको आवश्यकता पर्छ, त्यो नै आर्थिक पक्ष हो । सुदूरपश्चिम प्रदेश भित्र पनि विकासका पूर्वाधारहरुले खासै गति लिएको छैन । यस प्रदेशमा भएका शिक्षा, स्वास्थ्य खानेपानी, पर्यटन यातायातका क्षेत्रमा हुने विकास निर्माण कार्याका लागि पूर्वाधार जुटाउन कठिनाइ रहेको छ । यहाँ रहेका विभिन्न क्याम्पसहरुमा दक्ष जनशक्तिको अभाव, विद्यालयहरुमा भौतिक श्रोतको अभाव, खानेपानीका योजनामा पानीको गुणस्तरीयतामा कमी, स्वास्थ्य क्षेत्रमा पनि प्रदेश भित्र थुप्रै स्वास्थ्य केन्द्रमा औषधी उपकरण जनशक्तिको अभाव रहेको छ । यस प्रदेश अन्तर्गत रहेको सेती प्रादेशिक अस्पताल धनगढीले दिने स्वास्थ्य सेवा भने स्तरीय रहेको छ । पहाडी जिल्लाका लागि डडेल्धुरा अस्पतालले दिने सेवा एकदमै महत्त्वपूर्ण रहेको छ । त्यसैगरी गेटा आँखा अस्पताल लगायत प्रदेश भित्र हरेक जिल्ला र पालिका अन्तर्गत स्वास्थ्य प्रदायक संस्थाहरुले पनि जनताहरुलाई सेवा प्रदान गराउदै आएका छन् । यातायातको क्षेत्रमा पनि यस प्रदेशमा तुलनात्मक रुपले विकासले गति लिएको छ । जिल्ला सदरमुकाम सम्म पुग्न सवै सडकहरु कालोपत्रे भएका र धनगढी विमानस्थलबाट हुने जहाजका उडानहरुले जनतालाई सेवा प्रदान गर्दै आएका छन् । यस प्रदेशमा स्थापना भएको सुदूरपश्चिम विश्वविद्यालयको पनि जिल्ला जिल्लामा क्याम्पस खोल्ने अनुमती दिएर उच्च शिक्षा प्रदान गराउने कार्यमा ठुलो भूमिका रहेको पाइन्छ । डडेल्धुरामा स्थापना हुने भनिएको भटमास उद्योग पूर्वाधार कै अभावले अहिले सम्म संचालनमा आउन सकेको छैन । पूँजीको अभाव दक्ष जनशक्तिको अभाव उपकरणको अभाव कठिन र कमजोर भू-धरातलका पूर्वाधारहरु छिटो विग्रनु आदि समस्याका कारण पूर्वाधारको विकास हुन सकेको छैन ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) विकासका पूर्वाधार भनेको के हो ?

(ख) विकासका पूर्वाधारलाई कति भागमा वर्गीकरण गर्न सकिन्छ ?

(ग) सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख अस्पतालहरु कुन कुन हुन् ?

(घ) सुदूरपश्चिममा पूर्वाधारको विकास हुन नसक्नुका कारणहरु के के रहेका छन् ?

(ङ) कुनै खानेपानीको योजना सम्पन्न गर्न आवश्यक पर्ने विकासका पूर्वाधारहरुलाई उदाहरण सहित वर्गिकरण गर्नुहोस् ।

**परियोजना कार्य**

तपाईको समूदायमा संचालनमा रहेको वा सम्पन्न भएको शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी र यातायात मध्ये कुनै एउटा क्षेत्रसँग सम्बन्धित योजनाका लागि आवश्यक विकासका पूर्वाधारको उदाहरण सहित वर्गिकरण गर्नुहोस् ।

विकास निर्माण कार्यको नाम:-

स्थान:-

सामाजिक पक्ष:-

मानवीय पक्ष:-

भौतिक पक्ष:-

आर्थिक पक्ष:-

काम संचालन अवधि:-

काम सम्पन्न मिति:-

सामाजिक क्षेत्रमा परेको प्रभाव:-

# पाठ-३ सुदूरपश्चिम प्रदेश भित्रका विकास कार्यहरु



कुनै पनि क्षेत्रमा भएको सकारात्मक र प्रगतिमूलक प्रक्रियालाई विकास भनिन्छ। विकास भन्ने शब्द सवै क्षेत्र सँग सम्वन्धित हुन्छ । व्यक्ति, परिवार, समुदाय, गाउँ र सहरका हरेक पक्षहरु परिवर्तन र गतिशील हुन्छन । सुविधायुक्त ठाउँमा बस्ने मानिसहरुको जीवनमा पनि सुधार आउछ । सेवा सुविधामा वृद्धि हुदा जीवनशैलीमा पनि सकारात्मक परिवर्तन आउछ ।  सुरक्षा तथा भौतिक पक्षको सुधारले विकासको गतिलाई प्रतिबिम्वित गर्छ । विकास व्यक्तिको भौतिक चाहना सँग मात्र नभइ सामाजिक, सास्कृतिक, मानवीय तथा आर्थिक अवस्थाको सुधार सँग पनि सरोकार राख्छ । विकास कार्यलाई हरेक क्षेत्रमा मानिसहरुले आ-आफ्नै ढगंबाट परिभाषित गरेको पाइन्छ । समाजमा रहेक पुरातनवादी कुरीतिहरु निराकरण हुन सके विकास भएको भन्न सकिन्छ । विकास भन्नुको अर्थ समाज सभ्य र सुसंस्कृत हुनु हो भन्ने धारणा समाजशास्त्रीको रहेको पाइन्छ । त्यस्तै विकासको लागि आवश्यक हुने नीति नियम बनाउने कार्य राजनीतिबाट हुने भएकाले विकासको पहिलो पाइला भनेको नै राजनीति हो भन्ने राजनीतिशास्त्रीको धारणा पाइन्छ ।

आर्थिक क्षेत्रको विकास भएको अवस्थामा मात्र विकास भएको ठहर्छ भन्ने कुरा अर्थशास्त्रीको राय रहेको छ। हुन पनि जुनसुकै क्षेत्रको विकासको लागि अर्थको आवश्यकता पर्छ । पैसा भएन भने न त राजनीति अगाडि बढन  सक्छ न त समाज नै ।  विकासको चाहना पनि देश पिच्छेका मानिसहरुमा फरक फरक हुने गर्छ। अतिकम विकसित देशमा विकासको चाहना गास, वास र कपास मात्रै हुन्छ

भने विकसित देशका लागि यतिले मात्र विकासको अर्थ पूरा हुदैन । यी माथिका अवधारणाबाट विकास भनेको देशका सबै नागरिकहरुको जीवनस्तरमा वृद्धि भएर देश समुन्नत हुनु हो ।

सुदूरपश्चिम प्रदेशमा भएका विकास कार्यहरुको अध्ययन गर्दा अन्य प्रदेशका तुलनामा यस प्रदेशमा विकास कार्यहरुले गति लिएको छैन । भौगोलिक विकटता, आर्थिक अभाव, विकासको सन्तुलित वितरण नहुनु , पहुँचमा कमी आदि कारणले गर्दा यस प्रदेशमा विकास त्यति हुन सकेको छैन । तैपनि संघिय राज्यको अवधारणा आएर संघिय शासनको शुरुवात भएपछि यस प्रदेशमा सडक यातायात, कृषि, शिक्षा, स्वास्थ्य, खानेपानीमा सुधार भएको देखिन्छ । प्रत्येक गाउँपालिकाले र नगरपालिकाले आ-आफ्नो क्षेत्रको विकास कार्यलाई अघि बढाउने नीति बनाएर कार्यान्वयन भइराखेको अवस्था छ ।

यस प्रदेशमा भएका विकास कार्यहरुको सूची यस प्रकार रहेको छ ।

१. धनगढी विमानस्थल

२. सेती प्रदेशिक अस्पताल

३. डडेल्धुरा अस्पताल

४. सुदूरपश्चिम विश्वविद्यालय कंचनपुर

५. गेटा आँखा अस्पताल र मेडिकल कलेज

६. गोकुलेश्वर कृषि क्याम्पस बैतडी

७. टीकापुर कृषि क्याम्पस कैलाली

८. प्राविधिक तथा व्यावसायिक तालिम केन्द्र दिपायल

यी बाहेक यस प्रदेशमा ग्रामिण क्षेत्र सम्म पनि विद्युत सेवा पुगेको छ भने पानीको श्रोत उपलब्ध भएका वस्तीहरुमा खानेपानीको क्षेत्रमा पनि उल्लेख्य प्रगति भएको छ ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) विकास भनेको के हो ?

(ख) विकासले कुन कुन अवस्थाको सुधार हुने कुरामा सरोकार राख्छ ।

(ग) समाजशास्त्रीहरुको धारणा अनुसार विकासलाई परिभाषित गर्नुहोस् ।

(घ) सुदूरपश्चिम प्रदेशमा विकास कार्यहरु हुन नसक्नुका कारणहरु के के हुन् ?

(ङ) सुदूरपश्चिममा भएका कुनै ५ ओटा विकास कार्यको सूची बनाउनुहोस् ।

**परियोजना कार्य**

- तपाईको जिल्लामा भएका साना देखी ठूला सम्मका विकास कार्यहरुको सूची बनाइ ती विकास कार्यले व्यक्तिको सामाजिक तथा आर्थिक जीवनमा परेको असरहरु समेत उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-४ सुदूरपश्चिम प्रदेशमा विकासका पूर्वाधारहरुको सम्भावना

पर्यटन, जलविद्युत साना तथा मझौला व्यावसायहरु नेपाली अर्थतन्त्रका मेरुदण्ड हुन । यी सवै क्षेत्रको प्रभावकारी विकासको केन्द्रमा भौतिक पूर्वाधारको विकास नै रहेको छ । बाटो, रेल, पूर्वाधार, सुख्खा बन्दरगाह, एयरपोर्ट, जलविद्युत्त, सिचाइ आदि क्षेत्रहरु कुनै पनि ठाउँका विकासका संभावित क्षेत्रहरु हुन् । नेपालबाट रोजगारी तथा शिक्षाको अवसर खोज्दै युवाहरु विदेशिने क्रम जारी छ । यो क्रमको अन्त्य गर्न पूर्वाधारको विकास गर्नु आवश्यक छ । पूर्वाधारको विकासद्धारा नै युवाहरुमा सकारात्मक उर्जाको संचार हुनुका साथै रोजगारी प्रदान गरी आर्थिक क्रियाकलापलाई चलायमान बनाउन सकिन्छ । नेपालमा गुणस्तरीय तथा सिपमूलक र व्यावसायिक शिक्षा, रोजगारीका अवसरको सृजना गर्ने हो भने युवाहरुलाई स्वदेशमै रोक्न सकिन्छ । पूर्वाधारको विकासले समग्र अर्थतन्त्र चलायमान बनाउनुको साथै राष्ट्रिय उत्पादनलाई निर्यात गर्न समेत ठूलो भूमिका खेल्छ । भौतिक पूर्वाधारको विकासका कारण समग्र देशकै आर्थिक विकासले गति लिएको उदाहरण हाम्रा सामु प्रशस्तै छन् ।

बाटोघाटो, पुल, उद्योग, कलकारखाना आदिको निर्माणले गरिब देशको सूचीमा रहेको जापानले गरेको आर्थिक प्रगतिलाई उदाहरणका रुपमा लिन सकिन्छ । त्यसैले नेपालको लागि पनि प्रगतिको ढोका पूर्वाधारको विकासले नै खोल्न सक्छ । नेपाल आर्थिक विकासको प्रशस्त सम्भावना भएको देश हो । यहाँ प्राकृतिक स्रोत छ । युवा जनशक्ति छ तर भौतिक पूर्वाधारको चरम अभाव छ । प्रगतिको अवसर पूर्वाधारको विकास पछि मात्र सिर्जना हुन्छ ।

सुदूरपश्चिम प्रदेशमा पनि जति समस्या छन् ती समस्याको समाधानको लागि अवसर र सम्भावना पनि उच्च रहेका छन् । आर्थिक विकासमा पछाडी परेको रोजगारीमा परनिर्भरता रहेको यस प्रदेशको आर्थिक विकासको लागि विभिन्न सम्भावना र आधारहरु प्रदेश भित्रै रहेका छन् । तर कार्यान्वयन पक्ष भने चुनौतीपूर्ण छ । सुदूरपश्चिम प्रदेशमा विकासका पूर्वाधारका सम्भावनाहरु यस प्रकार रहेका छन्:

१. **कृषिमा आधुनिकीकरण:** यस प्रदेशका दुइ तिहाई जनता कृषिमा आधारित छन् । तैपनि उत्पादन भएको कृषिजन्य सामग्रीले जीविकोपार्जन चलेको अवस्था छैन । खाद्यान्न भारतबाट आयात गर्नुपर्ने स्थिति छ । त्यसैले कृषि क्षेत्रमा आधुनिकीकरण गरी कृर्षि पेशामा आकर्षित गराउने, प्रविधि भित्र्याउने, कृषिको व्यावसायिकीकरण गर्ने कार्यलाई प्राथमिकता दिनु यस प्रदेशको सरकारको अनिवार्य कार्य भएको छ । यस प्रदेशको सरकारले तराइ तथा भित्री मधेशमा धान, गहुँ तथा

नगदेबाली मा जोड दिने पहाडी र उच्च पहाडी क्षेत्रमा बाख्रापालन तरकारीखेती, कुखुरा पालनका संभाव्यता अध्ययन गरी आवश्यक प्रक्रिया अगाडी बढाउनुपर्ने देखिन्छ ।

२. **पर्यटकीय क्षेत्रमा लगानी:** सुदूरपश्चिम प्रदेश भौगोलिक विविधता भएको प्रदेश मध्ये एक हो । यस प्रदेशको भू-वनोट र यहाँ रहेका धार्मिक एवम ऐतिहासिक स्थलहरु पर्यटकीय क्षेत्र हुन । हालको व्यवस्थामा रहेका तीन ओटै सरकारको समन्वयमा प्रदेश भित्रका आन्तरिक एवम बाह्य पर्यटक लाई भित्र्याउन आवश्यक कार्य गर्नुपर्ने देखिन्छ । प्रदेश भित्र रहेका डोटीको खप्तड बैतडीको निङलासैनी,देहिमाण्डौ,दार्चुलाको मालिकार्जुन, अपि हिमाल, बझाङको सैपाल हिमाल डडेल्धुराको अमरगढी, अजयमेरु, उग्रतारा, परशुराम, आलिताल, अछामको रामारोशन, मंगलसेन दरबार क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर पूर्वाधारको विकास गर्न सकेमा राम्रो आम्दानी हासिल गर्न सकिने सम्भावना रहेको छ ।

३. **उद्योगको स्थापना**: सुदूरपश्चिम प्रदेश सरकारले प्रदेश सरकारको स्वामित्वमा विभिन्न उत्पादनमूलक उद्योग स्थापना गरी देशकै नमूना प्रदेश बनाउन नीतिगत व्यवस्था र निर्णय गरेमा विकासको सम्भावना हुन सक्ने देखिन्छ । यस प्रदेशमा दैजी औद्योगिक केन्द्रको स्थापना, डडेल्धुरा भटमास उद्योग, सगरमाथा जडीबुटी प्रशोधन केन्द्र आदि रहेका छन् ।




४. **युवा उद्यमशीलताको विकास:** सुदूरपश्चिम प्रदेशको युवाशक्ति वैदेशिक रोजगारीमा रहेका पाइन्छन । युवा शक्तिलाई प्रदेशकै उत्पादन कार्यक्रममा जोड्न सके यस प्रदेशको आर्थिक विकासको निकै सम्भावना रहेको छ । युवालाई शैक्षिक योग्यताका आधारमा सिप र तालिम प्रदान गरी उक्त सिपलाई व्यवसायमा सामेल गराउनु महत्त्वपूर्ण हुन्छ । यस्का लागि यस प्रदेशकै महत्त्वपूर्ण गौरव कै योजनाका रुपमा अघि सारिएको पश्चिम सेती जलविद्युत आयोजना एउटा ठूलो सम्भावना रहेको आयोजना हो । यस बाहेक महाकाली सिचाइ आयोजना,पञ्चेश्वर बहुउद्देश्यीय परियोजना, मध्य पहाडी लोकमार्ग महत्त्वपूर्ण विकासका लागि सम्भावित योजना हुन ।

५. **उर्जाको विकास:** ठुलो रुपमा आर्थिक वृद्धिदर हासिल गर्न र प्रदेशलाई तिव्र औद्योगिकीकरण गर्ने दिशामा जाने हो भने उर्जा क्षेत्रमा लगानी बढाउनुपर्छ । यस प्रदेशको महत्त्वपूर्ण उर्जाको स्रोत भनेकै जलस्रोत हो।उर्जाको विकास भयो भने उद्योगहरुमा लगानी बढने र उद्योगको संख्या बढने अवस्था आउछ। सुदूरपश्चिममा अवस्थित देशकै गौरवको आयोजना पञ्चेश्वर बहुउद्देश्यिय आयोजना लगायत सेती, चमेलिया नदीका साथै अन्य नदी र खोलाबाट विद्युतको सम्भावना रहेको छ। प्रदेश सरकारले निजी लगानिकर्तालाई प्रोत्साहन गरी कर्जा उत्पादन गर्ने तिर प्राथमिकता दिइयो भने सुदूरपश्चिम प्रदेश विकसित प्रदेशका रुपमा परिचित हुने सम्भावना रहेको छ।



**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) विकासको पूर्वाधारका संभावित क्षेत्रहरु अन्तर्गत कुन कुन क्षेत्र पर्दछन् ?

(ख) के कस्ता कार्यबाट कुनै पनि देशले आर्थिक विकास गर्न सक्छ ?

(ग) सुदूरपश्चिम प्रदेश सरकारले कृषिको आधुनिकीकरण गर्न के के कार्य गर्नु आवश्यक छ ।

(घ) सुदूरपश्चिम प्रदेशमा विकासको सम्भावना बोकेका महत्त्वपूर्ण आयोजनाहरु कुन कुन हुन् ?

(ङ) उर्जा विकासले आर्थिक विकासमा कसरी सघाउ पुर्याउछ ?

(च) युवा शक्तिलाई वैदेशिक रोजगारमा जान बाट रोक्न के के कार्य गर्न सकिन्छ ?

**परियोजना कार्य**

तपाईको गाउँ समुदायमा रहेको नदी वा खोलाबाट विद्युत उत्पादन गर्ने हो भने तपाइको गाउँघर वा समुदायमा के कस्ता विकास तथा रोजगारीका सम्भावना हुन सक्छन ? छलफल गरी प्रतिवेदन लेख्नुहोस् ।

# एकाइ- ४ हाम्रा संस्कृति परम्परा र मूल्यमान्यता

## पाठ-१ हाम्रा मुख्य चाडपर्व

## पाठ-२ संस्कारको महत्त्व

# पाठ-१ हाम्रा मुख्य चाडपर्व



नेपाल बहुजाति, बहुभाषी बहुसास्कृतीक, बहुधार्मिक बहुभौगोलिक, बिशेषता भएको, देश हो । नेपालमा अनेक जाति, भाषा, संस्कृति छन् । उनीहरुका आ-आफ्नै मौलिक संस्कृति र चाडपर्व छन् । विविध चाडपर्व र संस्कृति भित्र नेपाली एकता प्रतिबिम्वित छ । सबै चाडपर्वका आ-आफ्नो मौलिक विशेषता रहेका छन् । जसमध्ये साझा विशेषताका रुपमा सबैको कल्याण गर्नु, सहयोग गर्नु, मित्रताको भावना राख्नु शिष्ट, आचरण, सभ्यता, सदभाव, सेवा, सहकार्य, सुख शान्ति कायम राख्नु हुन ।





सुंस्कृतीको सबैभन्दा महत्त्वपूर्ण अवयवमा चाडपर्वहरु पर्दछन् । चाडपर्व मानव समाज र संस्कृतिलाई सदा जिवित एवमं क्रियाशील तुल्याइ रहने महत्त्वपूर्ण उर्जा हुन । पुर्खा तथा आचार्यहरुले प्रत्येक महिनामा वा समयको अन्तराल संगै विभिन्न तिथी मिति संग समन्वय कायम राखी जुन चाडपर्व, उत्सव, जात्रा, मेलाका परम्पराहरु सिर्जना गरी ती सँग सम्बन्धित धर्म, कर्म, आचार विचार, भोजन मनोरञ्जन आदिका प्रक्रिया बनाए त्यसले हरेक समाजका आफ्नै खाले पर्व र महोत्सवहरु निर्माण भए । जीवनलाई विविध भावमा डोर्याउदै नेपाली संस्कृतिलाई निरन्तरता दिइ जिवन्त राख्न उत्प्रेरित गरिरहने माध्यम नै हाम्रा चाडपर्व हुन । प्राय चाडपर्व एकातिर प्रकृतिसँग तादम्यता राख्दछन् भने अर्को तिर परस्पर सदभाव सम्मान र सहिष्णुता लाई आत्मसाथ गरिरहेका हुन्छन ।

सुदूरपश्चिम प्रदेश भाषा, धर्म, भूगोल र संस्कृतिले विविधता युक्त छ । यहाँ प्रत्येक समुदायमा फरक फरक किसिमका चाडपर्व, मेला, जात्रा, उत्सव आदि मनाउने प्रचलन छ । जसमध्ये यहाँका मुख्य चाडपर्वहरुमा गौरापर्व, भुवापर्व, रनपुतला, माघीपर्व, अटबारी पर्व, जितीया पर्व, होली तीहार, बन्दुनीपर्व, ओल्केपर्व रहेका छन् । यी मध्ये केही वर्षको छोटो परिचय यस प्रकार रहेको छ ।

१. **भुवापर्व:** सुदूरपशिम प्रदेशका बाजुरा, बझाङ, अछाम जिल्लमा यो पर्व मनाइन्छ । भुवा पर्व पुसे औसी देखी सुरु भइ तीनदेखी पाँच दिनसम्म मनाइन्छ । महाभारत युद्धमा पाण्डव र कौरव विचको युद्ध गाथामा आधारित यस पर्वलाई स्थानीयले भस्सो पर्व पनि भन्ने गर्दछन् । पौराणिक कालमा कौरवमाथि पाण्डवले विजय प्राप्त गरेको दिनको सम्झनामा यो पर्व मनाउने किवंदन्ती रहेको छ । यस पर्वलाई आफन्तसँगको भेटघाट, आपसी सदभाव, मनोरञ्जन, सत्यको जित आदि कुरालाई केन्द्रमा राखी मनाइन्छ । यस पर्वमा रातभरी आगो बालेर डेउडा, भारीखेल, भस्सो लगायत खेल छुट्टाछुट्टै खेल्ने गरिन्छ । भुवाका श्लोकमा पनि पाण्डवको जितसँगै आफ्नै भाषा, लय, संस्कृति अनुसार फरक फरक गाउने गरिन्छ । कुनै गाउँमा मुकुट लगाइ शृङगार गरी कसैलाई बाघ, चित्तल, हरिण बनाई बाजागाजाका साथ घुमाउने नचाउने गरिन्छ भने कुनै ठाउँमा मध्यराती राँके लडाइ गर्दै गाउँगाउँ जाने गरिन्छ ।

२. **वडादशै:** दशैलाई नेपालीहरुले प्रमुख चाड मानिन्छ राष्ट्रिय चाड समेत मानिने दसै हिन्दु धर्मावलम्बीहरुले आश्विन शुक्ल प्रतिपदा देखि पूर्णिमा सम्म मनाउने गर्दछन् आश्विन प्रतिपदा (घटस्थापनामा जमरा राखी नवमीसम्म दुर्गासप्तमी (चण्डी) पाठ गरी नवदुर्गा र त्रिशक्ति महाकाली, महालक्ष्मी, महासरस्वस्वतीको विशेष पूजाआजा र आराधाना गरिन्छ । विजयदशमीको दिन

भगवतीले दानवी शक्तिमाथि र रामले रावण माथि विजय हासिल गरेको उपलक्ष्यमा नवदुर्गा भवानीको प्रसाद स्वरुप रातो टिका र जमरा लगाउने चलन छ । असत्य माथि सत्यको विजय भएको यो पर्वलाई विजया दशमीका रुपमा समेत मनाउने गरिन्छ ।

३. **रनपुतला पर्वः** नारी प्रधान लोक नाचको रुप रनपुतला पर्वलाई लिन सकिन्छ । सुदूरपश्चिम प्रदेशको डोटी, अछाम, बझाङ, बाजुरा जिल्लामा यो पर्व मनाइन्छ । गाउँघरमा नारीहरुले छिटको फरिया,रातो चौबन्दी, चोलो र सेतो पटुकाको फेरो हातमा समाएर सामुहिक रुपमा रनपुतला खेल खेल्ने गर्दछन् । अछाम, बझाङ र डोटीको संगममा परापूर्वकालमा ध्यारोध्यारो नामका राजाले छोरी रनमैयाको शोकमा परेका बेलामा रनपुतला नाचको सुरुवात गरेको भनिन्छ । इच्छा विपरित विवाह गरिएकी छोरीले मृत्युपूर्व मधेसमा हुने गर्मी त्यहाँ हुने सर्प बिच्छीको डरबारे दुखेसो पोख्दै बुवालाई खवर पठाएकी थिईन् । पछि उनैको मृत्यु भएको खवरले पुत्री शोकमा परेका राजाले छोरीको सम्झना स्वरुप रनपुतला खेल खेल्न सुरु गरेपछि परम्पराको रुपमा मनाउन थालिएको पाइन्छ । बर्षमा दुइपटक मनाइने यो पर्व कुनै ठाउँमा पुष महिनाको १५ गतेदेखि सुरु गरी माघ १ गते विसर्जन गरिन्छ । चैत्र २० गते देखि सुरु गरी बैशाख १ गते विसर्जन गर्ने चलन छ । रनपुतला पर्वमा विवाहिता दिदि, बहिनी माइतमा आएको बेला कर्मघरमा भोगेका विरुद्ध, व्याथा, वेदना र कष्टलाई गीतको माध्यमबाट अभिव्यक्त गर्ने गर्दछन् । यसैलाई सरपुतला पर्व भनिन्छ ।

**होली गित**

होली खेलै गिरीजापति नन्दन ।
ल्या हो भवानी अक्षता चन्दन ।।
सिध्दीको दाता विघ्न विनासन ।
गौरीको नन्दन मुसाको वाहान ।।
होली खैलै गिरीजापति नन्दन ।
ता बजाए अञ्चन कञ्चन ।
शम्भु बजाए डमरु विराजन ।
होली खैलै गिरीजापति नन्दन ।।

**अभ्यास**

१. चाडपर्व भनेको के हो चाडपर्वका साझा विशेषता लेख्नुहोस।
२. सुदूरपश्चिम प्रदेशमा मनाइने मुख्य चाडपर्वका नाम लेख्नुहोस।
३. भुवापर्वको बारेमा छोटो परिचय दिनुहोस्।
४. रनपुतला पर्व किन र कहिले मनाइन्छ ?

**परियोजना कार्य**

आफ्नो समाज र जिल्लामा मनाइने चाडपर्वको नाम लेखी कुनै एक चाडपर्व मनाउनुको कारण र त्यसको महत्त्व कक्षामा प्रस्तुत गर्नुहोस्।

# पाठ-२ संस्कारको महत्त्व

संस्कार शब्दको अर्थ शुद्धीकरण अर्थात मानव तन, मन, शरीरलाई धर्म र कर्मको आधारमा विभिन्न क्रियाद्वारा स्वस्थ,स्वच्छ र व्यवस्थित बनाउनु हो मानव प्राणी जन्म पश्चात धेरै कुराहरु सोच्दै सिक्दै र सिकेको ज्ञानलाई व्यवहारमा प्रयोग गर्दै अगाडी बढी रहेको हुन्छ । जुन ज्ञान द्वारा मानव चरित्र निर्माण हुन्छ । त्यस चरित्रबाट आफ्नो व्यवहारको विकास गर्दै आफूलाई सशक्त बनाउछ । यो सशक्त बनाउने शक्ति नै संस्कार हो । संस्कार संस्कृत भाषाबाट आएको शब्द हो । मन, वचन, कर्म र शरीरलाई पवित्र बनाउनु नै संस्कार हो । हाम्रा समस्त प्रवृती र चित्तवृती लाई सही बाटो देखाउने काम हामी भित्र विद्यमान संस्कारले गर्दछ । संस्कारबाटै हाम्रो सामाजिक र आध्यात्मिक जीवन फल्छ, फुल्छ र पुष्ट हुन्छ । जसले हामीलाई सभ्य बनाउन सहयोग गर्दछ । व्यक्ति निर्माणमा संस्कारको भूमिका महत्त्वपूर्ण छ । संस्कार विरुद्धको आचरण असभ्यताको प्रतिक हो । पाप र अज्ञानताबाट टाढा राख्दै संस्कारले मानिसलाई आचारविचार तथा ज्ञान विज्ञानबाट पूर्ण गर्दछ ।



संस्कारले गर्भमा रहेको शिशुदेखि मृत्युपर्यान्त जीवमा व्याप्त रहेको विसङ्गति फोहरलाई विशेष बैदिक क्रिया मन्त्रबाट पवित्र गर्ने कार्य गर्दछ । हिन्दु धर्ममा १६ संस्कारको अत्यन्त ठुलो महत्त्व रहेको छ । जो निम्न बमोजिम रहेकाछन्:

१. गर्भाधान संस्कार
२. पुंसवन संस्कार
३. सिमन्तोन्वयन संस्कार
४. जातकर्म संस्कार
५. नामाकरण संस्कार
६. निषक्रमण संस्कार
७. अन्नप्रशान संस्कार

८.	मुन्डन संस्कार
९.	कर्णवेधन संस्कार
१०.	विद्यारम्भ सुस्कार
११.	उपनयन संस्कार
१२.	वेदारम्भ संस्कार
१३.	केशान्त संस्कार
१४.	सम्वर्तन संस्कार
१५.	विवाह संस्कार
१६.	अन्त्यष्टी संस्कार



संस्कारको उद्देश्य त्यो क्रिया वा कर्म हो, जसले मानिसलाई उसको समुदायको सुयोग्य र कर्मठ व्यक्ति बनाउछ । संस्कारले नै मानिसलाई सभ्यताको प्रतिक बनाइ रहन्छ । यी सम्पूर्ण संस्कारहरुको महत्त्वलाई बुदाँगत रुपमा उल्लेख गरिएको छ।

- व्यवस्थित समाजको निर्माण गर्न।
- जाति धर्म र समुदायलाई एक सुत्रमा बाध्न
- शरीर मन र मष्तिष्कलाई शुद्ध गर्न
- सामाजिक समस्यालाई निराकरण गर्न
- धर्म र संस्कृति प्रती आस्थावान बनाउन
- व्यक्तिलाई सामाजीकरणमा सहयोग पुर्याउनका साथै सामाजिक दायित्व प्रती सजग बनाउन।
- नैतीकता, गुण, दया, क्षमा तथा समर्पण भावको विकास गर्न
- सामाजिक सास्कृतिक परम्परा तथा आदर्श प्रति परिचित गराउन
- मानिसलाई प्रतीभावान, अनुशासित, असल र सामाजिक नागरिक बनाउन

प्रत्येक संस्कारले मानिसलाई नैतिक, आदर्श जीवन बिताउदै जीवनको उच्चतममा पुग्न प्रेरित गर्दछ। व्यक्तिलाई सभ्य बनाउनु, असल नागरिक बनाउनु, आफ्नो समाज संस्कृति र आफ्नो देशप्रति जागरुक र गौरवान्वित बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ।

ब्रत बन्धका फाग

मेरा केश मेरी मायौ भूमि जन झाण्या मायौ भूमि जन झाण्या,

निरगुनी बुबा ज्यू ले नाउ सुम्पी दियो ।

दूध धोया केश इजु भैया जन झाण्या,

मेरा केश मेरी इजु सुन थाल छोण्या ।

मेरा केश मेरी इजु रुपा थाल छोण्या ।

मेरा मथा नाउ भैया पिण जन अरेइ ।

तेरा गात नाउ भैया बागो पैराइ दिउलो ।   आदि आदि ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. संस्कार भनेको केहो ?

२. संस्कारका कुनै ५ वटा महत्त्व लेख्नुहोस् ।

३. हिन्दु धर्म अनुसारका कति संस्कारहरु रहेका छन् ? ती संस्कारहरु लेखि कुनै दुइको बारेमा छोटकरीमा लेख्नुहोस् ।

४. मानिसको सामाजिक तथा नैतिक विकासमा संस्कारले कसरि सहयोग पुऱ्याउँदछ ? व्याख्या गर्नुहोस् ।

५. 'संस्कार सभ्यताको प्रतिक हो ।' प्रष्ट पार्नुहोस् ।

परियोजना कार्य

तपाईको समाजमा के कस्ता संसकारहरु अवलम्बन गरिन्छन् सूची बनाई साथै कुनै एक संस्कारको विधि बारेमा लेख्नुहोस् ।

# एकाइ-५ सामाजिक ख्याती प्राप्त व्यक्तित्व

## पाठ-१ शेर बहादुर देउवा

## पाठः २ दशरथ चन्द

## पाठः ३ डा. के. आई. सिंह

# पाठ-१ शेर बहादुर देउवा



शेर बहादुर देउवाको जन्म वि.स २००३ साल जेठ ३१ गते डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं.१ रुवाखोलामा भएको थियो। पिता श्रीप्रसाद देउवा र माता द्रोपती देउवाको जेष्ठ सुपुत्रको रुपमा उनको जन्म भएको थियो। मध्यम वर्गिय परिवारमा जन्मेका देउवाले प्राथमिक शिक्षा डडेल्धुरा जिल्ला माध्यमिक शिक्षा डोटी र उच्च शिक्षा काठमाण्डौमा हासिल गरेका उनले त्रिभुवन विश्वविद्यालयबाट राजनैतिकशास्त्रमा स्नातोकत्तर र कानूनमा स्नातक गरका छन्।

कांग्रेस संस्थापक नेता वि.पी कोईरालाका प्रेरणाबाट राजानीतिमा होमिएका देउवा वि.स २०१७ को राजनीतिक घटनाक्रम पछि नेपालको प्रजातान्त्रिक आन्दोलनमा निरन्तर क्रियाशिल रहकै संघका प्रथम निर्वाचित सभापती एवमं संस्थापक सदस्य हुन्। वि.स. २०२८ सालमा उनी नेपाल विद्यार्थी संघको सभापतीमा चुनिएका थिए। राजनीति संघर्ष क्रममा दश वर्ष जेल जीवन बिताएका थिए।

प्रजातन्त्र स्थापनाको लागि अनवरत संघर्षरत देउवा राजनीतिशास्त्रमा लण्डन स्कूल अफ इकोनोमिक्स रिसर्च फेलो हुन। वि.स. २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा संसदीय निर्वाचनमा डडेल्धुराबाट लगातार निर्वाचित उनी २०६४ र २०७० सालको संविधान सभाको निर्वाचनमा कञ्चनपुर र कैलाली बाट समेत विजयी भएका थिए। निडर निस्कपट भावना भएका शेर बहादुर देउवा ५ पटक नेपालको प्रधानमन्त्री बनेका छन्। २०४८ सालमा गिरिजाप्रसाद कोइरालाको

नेतृत्वको सरकारमा गृहमन्त्री बनेका देउवा २०५२ साल भदौ २७ गते पहिलो पटक प्रधानमन्त्री भएका थिए। दोस्रो पटक २०५८ साल साउन ७ गते, २०६१ साल जेठ २१ गते तेस्रो पटक नेपालको प्रधानमन्त्री बन्न सफल भएका थिए । सभापती एवम पार्टी संसदीय दलका नेता देउवाले व्यवस्थापिका संसदको बैठकबाट २०७४ साल जेठ २३ गते चौथो पटक प्रधानमन्त्रीमा निर्वाचित भइ नेपालको संविधान अनुसार संङघीय संरचना तीन तहका निर्वाचन गराएका थिए । पटक-पटक नेपालको केन्द्रिय शासन सत्तको बागडोर समहाल्न सफल नेता देउवा वि.स २०७८ साल असार २९ गते पाँचौ पटक मूलुकको प्रधानमन्त्रीमा नियुक्त भएका थिए।

राज्य व्यवस्था भित्र भएका विभिन्न किसिमका सामन्ति मनोवृति र समाजमा रहेका विकृति ,विसङगति, अन्याय, अत्याचारका विरुद्ध प्रजातान्त्रिक आन्दोलनमा निरन्तर सक्रिय रहदा उनले पटक-पटक १० वर्ष कारागार जीवन विताएका छन्। २०५९ सालमा नेपाली काङ्ग्रेस पार्टी विभाजन हुँदा यिनी नेपाली काङग्रेस प्रजातान्त्रिकको सभापती भएका थिए। २०६४ सालमा पार्टी एकता हँदा पार्टीको बरिष्ठ नेताको जिम्मेवारी सम्हालेका थिए। त्यसपछि वि.स २०७२ फागुन २४ मा सम्पन्न काङग्रेसको १३ औ महाधिवेशनमा पहिलो पटक पार्टी सभापती भएका थिए। ६ दशक देखी नेपाली राजनीतिमा निरन्तर क्रियाशिल व्याक्तित्व प्रधानमन्त्री शेर बहादुर देउवा १४ औ महाधिवेशन अन्तर्गत मतदानबाट दोस्रो पटक सभापती पदमा निर्वाचित भएका छन्। प्रजातन्त्र प्रतिको अटुट लगाव र त्यसै अनुसारको सङघर्ष तथा व्यक्तित्व र आरचणको कारण पटक पटक मुलुकको नेतृत्व गर्ने सफल देउवाले सुदूरपश्चिमको समग्र विकास र देशमा प्रजातन्त्र स्थापनाको लागि अमुल्य र अविस्मणीय योगदान पुर्याएका छन्।

## अभ्यास

**तलका प्रश्नहरुको उत्तर लेख्नुहोस ।**

१. शेर बहादुर देउवाले कुन कुन शैक्षीक संस्थाबाट शिक्षा आर्जन गरेका थिए ?

२. देउवा कुन कुन मितिमा नेपालको प्रधानमन्त्री भएका थिए ?

३. शेर बहादुर देउवाले के को लागि संघर्ष गरेका थिए ?

४. शेर बहादुर देउवाले योगदान पुर्याएका क्षेत्र कुन कुन हुन ?

५. शेर बहादुर देउवाको जन्म  कहिले र कहाँ भएको थियो ?

परियोजना कार्य

१. आफ्नो जिल्ला र प्रदेशमा भएका सामाजिक व्यक्तिको सामाजिक योगदान र संघर्षको विषयलाई समेटी छोटो जीवनी तयार पार्नुहोस् ।

# पाठः २ दशरथ चन्द

**दशरथ चन्द**को जन्म वि.सं. १९६० असार १७ गते बैतडी जिल्लाको बस्कोटमा पिता शेरबहादुर चन्द र आमा ओजकुमारी चन्दको कोखमा माहिला छोराका रूपमा भयो। शहीद माइला भन्नाले दशरथ चन्द बुझिन्छ। उहाँमा पितालाई सुर्खेतमा टुँडिखेल बनाउने लेफ्टिनेन्ट शेरबहादुर चन्दका नामले चिनिन्छ । राणाशासनका विरोधीहरूमा सबैभन्दा सशक्त व्यक्तित्व स्व. चन्दले मानविकी तथा समाजशास्त्र विषयमा बनारसबाट प्रमाणपत्र तह उत्तीर्ण गर्नुभएको थियो । त्यसअघि उहाँले नेपालगञ्ज, अल्मोडा, कुमाउँ, नैनीताल जस्ता ठाउँमा पढनुभयो।

**राजनैतिक विकास**

त्यहीबेला उहाँ काशी नागरिक प्रचारिणी सभामा रहेर राजनीति गर्न थाल्नुभयो। महात्मा गान्धीले भारतमा प्रारम्भ गर्नुभएको सत्याग्रहमा उहाँले सक्रियरूपमा भाग लिनुभएको थियो । वि.सं. १९९० साल बारा जिल्लाको मौवादहमा टंकप्रसाद आचार्यसँग दशरथको पहिलो पटक भेट भयो । वि.सं. १९९१ मा उहाँ सहयोगी शिवदत्त भट्टका साथ बर्मा पुग्नुभयो। त्यसपछि थाइल्याण्ड पुगेर नेपालमा सशस्त्र क्रान्ति गर्ने योजना बनाउनु भयो । उहाँ नेपाल प्रजापरिषद्को कार्यकर्ता हुनुहुन्थ्यो। उहाँ सेवासिंह भन्ने छद्मनामबाट राणा विरोधी लेख छाप्नुहुन्थ्यो। दशरथ चन्द र गङ्गालाल श्रेष्ठ एउटै जेलको कोठामा पर्नुभएको थियो । तत्कालीन राणा सरकारले वि.सं. १९९७ माघ १५ गते दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानी मृत्युदण्ड दियो ।



शोभा भगवतीमा रहेको शहीद दशरथ चन्दको प्रतिमा

**व्यक्तिगत जीवन**

उहाँ अविवाहित नै शहीद हुनुभयो। दशरथका जेठा बुबा रबी चन्द र कान्छा बुबा सुबेदार दलबहादुर चन्द थिए भने माइलाका दाइ गोकर्ण चन्द थिए। भाइ ललित चन्द पनि २०५१ सालमा बिते। चश्मा लगाउने दशरथ चन्द गाउँमा प्रत्येक घरमा जानुहुन्थ्यो। दिदी, बहिनी, भाउजूहरूसँग ख्याल-ठट्टा गर्नुहुन्थ्यो। उहाँलाई भोक लागेमा जुन घरकी भाउजूसँग पनि मागेर खान हिच्चिकचाउनु हुदैन्थ्यो। मोही दशरथलाई खुब मनपर्थ्यो।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. दशरथ चन्दको जन्म र मृत्यु कहाँ कहिले भएको थियो ?

२. प्रजातन्त्र स्थापनाको लागि दशरथ चन्दले गरेको योगदान लेख्नुहोस् ।

३. तपाईले जानेका कुनै एक सामाजिक क्षेत्रमा ख्याती प्राप्त व्यक्तिको बारेमा लेख्नुहोस् ।

**परियोजना कार्य**

प्रजातन्त्रको स्थापनामा शरिदहरुले खेलेको भूमिकालाई उल्लेख गरि देश निर्माणमा हातेमालो गर्न स्मरण गराउदै विदेश जान लागेको साथीलाई पत्र लेख्नुहोस् ।

# पाठः ३ डा. के. आई सिंह

**के.आई. सिंह** अर्थात् कुँवर इन्द्रजीत सिंह (जन्म:वि.सं. १९६३) नेपाली क्रान्तिकारी तथा विद्रोही नेता हुन् । सिंह नेपालका २० औं प्रधानमन्त्री थिए । यिनी होमियोप्याथी सम्बन्धी डाक्टर थिए । उनी सात सालको क्रान्तिमा मुक्तिसेनाको पश्चिम तर्फको कमाण्डर थिए । उनले दिल्ली सम्झौतालाई मान्न स्वीकार गरेनन् र शसस्त्र आन्दोलन जारी राखे ।

| **कुँवर इन्द्रजीत सिंह (के आई सिंह)** | |
|---|---|
|  | |
| **२० औँ प्रधानमन्त्री (नेपाल)** | |
| **कार्यकाल**<br>२०१४ श्रावण ११ – २०१४ कार्तिक २९ | |
| **राजसभा स्थायी समितिका सभापति** | |
| **व्यक्तिगत विवरण** | |
| **जन्म** | वि.सं.१९६३ डोटी |
| **मृत्यु** | थाइल्याण्डको बैङ्कक |
| **राजनीतिक दल** | युनाइटेड डेमोक्रेटिक पार्टी |

**कलेज जीवन**

डोटीमा वि. सं. १९६३ मा जन्मिएका कुँवर इन्द्रजित सिंह सानै छँदा परिवारसँगै बर्मा पुगेका थिए। उनले त्यहीँ विद्यालयबाट शिक्षा हासिल गरे । बर्मामै उनले आयुर्वेद सम्बन्धी अध्ययन गरेका थिए ।

चिकित्सक वा विद्यावारिधि नगरेको भए पनि औषधिमूलो गर्ने भएकाले डाक्टर भनिएको थियो। उनले त्यही आधारमा आफ्नो नाम डा.के.आई. सिंह लेख्न थाले।

## २००७ सालको क्रान्ति

क्रान्ति सुरु भए लगत्तै २९ कार्तिक वि. सं. २००७ मा सिंहको तर्फबाट बडाहाकिम कार्यलयमाथि पहिलो पटक आक्रमण भयो। चार घण्टा चलेको लडाइँमा सिंहको फौजले गोश्वारा (बडाहाकिम कार्यलय) बाहेक भैरहवाका अरू सबै कार्यलय माथी नियन्त्रण जमायो। तीन दिनपछि सरकारी फौजले २ मंसिर वि. सं. २००७ (१७ नोभेम्बर १९५०) मा केआई सिंहको अखडामाथि धावा बोल्यो। तर सिंह माथी सरकारी फौजले विजय हासिल गर्न सकेन। ठूलो क्षतिका साथ सरकारी सेना आफै फिर्ता हुनुपर्‍यो। भोलिपल्टै सिंहले फेरि आक्रमण गरे। यसपटक उनले अदालत र कारागार त कब्जामा लिए तर बडाहाकिम कार्यलय माथि कब्जा जमाउने धोको पूरा भएन।

## क्रान्तिपछि

२००७ सालको क्रान्तिमा पश्चिम तराईबाट सक्रिय रहेका यिनी दिल्ली सम्झौता धोका हो भनी आन्दोलन रोक्न तयार थिएनन्।
पछि त्यही निहूँमा आन्दोलन गरेपछि यिनी पक्राउ गरेर काठमाडौं ल्याइएका थिए। प्रखर स्वभावका यिनलाई त्यसबेला सिंहदरवार भित्र रहेको बिजुली गारतको नियन्त्रणमा कैद गरिएको थियो। प्रजातान्त्रिक सरकारमा पनि मोहन शमशेर नै प्रधानमन्त्री हुने भएपछि असन्तुष्ट बनेका कमान्डर केआई सिंह नै सिंहदरबार विद्रोहमा जोडिए।

## सिंहदरबार विद्रोह

उनीहरूले हतियार बुझाउन मानेनन् र सशस्त्र हमला जारी नै राखे। उनलाई भैरहवामा समातियो र सिंहदरबारमा कैद गरिएको थियो। काठमाडौं ल्याइएका सिंह रक्षा दलमा परिणत भएको मुक्ति सेनाको सहयोग ८ माघ ०९ मा विद्रोह गरी मुक्त भए। त्यहाँ कार्यरत सिपाहीहरूलाई नै प्रभावमा लिई सिंहदरवार नै नियन्त्रण गरेर बिद्रोह गरे। सिंहदरवार बाहिर रहेको सेना र भित्र रहेको विद्रोही सेनाबीच गोली हानाहान भयो। अन्त्यमा दूत मार्फत यिनले आफूलाई सुरक्षित काठमाडौं उपत्यका बाहिर जान दिने भए विद्रोह छोड्ने बताएपछि सोही अनुसार यिनलाई छोडियो। त्यसपछि यिनी झण्डै १ वर्ष चीन सरकारको शरणमा गएर बसे।

अभ्यास

क. के आई सिंहको जन्म कहिले र कहाँ भएको थियो ?

ख. के आई सिंहको राजानैतिक जिवनको बारेमा छोटकरीमा लेख्नुहोस् ।

ग. किन के आई सिंहले चिन सरकारको सरणमा जानुपऱ्यो ?

# एकाइ-६ हाम्रा प्राकृतिक ऐतिहासिक तथा धार्मिक सम्पदाहरु

## पाठ-१ सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका

## पाठः २ राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र

## पाठ-३ पर्यटकीय स्थलको सामाजिक तथा आर्थिक महत्त्व तथा प्रभाव

## पाठ ४ खप्तड एक चिनारी

# पाठ-१ सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका

धन्यवाद सञ्चालक ज्यू,

आदरणीय यस कार्यक्रमका सभाध्यक्ष महोदय, प्रमुख अतिथि,विशिष्ट अतिथि निष्पक्ष मण्डल प्रतिस्पर्धी मित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु सर्वप्रथम  स्वीकार्नुहोस न्यानो नमस्कार । आज मिति २०७९/१०/२४ गतेका दिन यस श्री भद्रपुर माध्यमिक विद्यालयद्वारा आयोजित सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका वक्तृत्वकला कार्यक्रममा भाग लिने अवसर दिएकोमा आयोजक परिवारलाई ह्यदयको गहिराइबाट धन्यवाद दिन चाहन्छु ।

सभाध्क्ष महोदय हरेक मुलुकको आफ्नै मौलिक सभ्यता संस्कृति र संस्कार हुन्छ  । सभ्यता संस्कृति सम्पदा र ईतिहास नै त्यो मुलुकको परिचय र राष्ट्रिय गौरवको विषय पनि हो । सुदूरपश्चिम प्रदेशको भौगोलिक वनावट, धर्म, संस्कृति, परम्परा, इतिहास पौराणिक कालसम्म जोडिएको चर्चा र परिचयले हाम्रो सभ्यता स्रोतको गहिराइ अनुमान गर्न सकिन्छ । यहाँका हरेक ढुङ्गामा देवताको बास छ । प्रत्येक नदीमा धर्मको सुगन्ध छ । यहाँका प्रत्येक डाँडा चुम्कामा आस्थाको प्रतीक छ । हाम्रो समाजको सभ्यता यिनै नदी पहाड र थुम्काबाट जोडीएर आधुनिक काल सम्म आइपुगेको छ । यसर्थ पनि हाम्रो समाज सम्पदा सभ्यता र सास्कृतीले भरिएको छ । हामीले हाम्रा सम्पदा सभ्यता र संस्कृतिको संरक्षण गर्न सकिरहेका छैनौ । अन्य मूलुकको कृत्रिम  संरचना बनाएर लाखौ पर्यटक आकर्षित गरिरहेका छन्।  तर हामी कहाँ हजारौ वर्ष पुराना संरचना खण्डहरु बनाइएका छन् । कुरुप पारिएकाछन् । सम्पदा संरक्षण समृद्धिको आधार हो भन्ने बुझ्न र बुझाउन सकिएको छैन । जवसम्म नागरिकमा  सम्पदाको महत्त्व प्रकट हुदैन तब सम्म कुनै एक निकाय वा संस्थाको जोडबलमा मात्र केही हुदैन र सम्पदाको महत्त्व घरदेखि नै सम्पदाको संरक्षणका विषयमा अनिवार्य रुपमा पाठ्यक्रम तयार गरेर पठनपाठन गर्न आवश्यक छ । यसो गर्न सकियो भने हाम्रा सम्पदाले पुन: जीवन पाउनेछन् । बालबालिकालाई इतिहास सम्पदार यसको महत्त्व दर्साउन सके भविष्यका लागि देशको आर्थिक विकासको एउटा दह्रो आधार पर्यटन बाटै गर्न सकिन्छ ।

सभाध्यक्ष महोदय सम्पदा संरचनाको नयाँ अध्याय सुरु गर्ने बेला भइसकेको छ। सभ्यता, संस्कृति र सम्पदा संरक्षणमा आम नागरिकलाई योजनाबद्ध रुपमा अघि सार्नु पर्छ। यसका लागि समाजले चासो दिनुपर्छ र सरकाले सोही अनुसारको पाठ्यक्रम पनि बनाउनुपर्छ। हाम्रा सम्पदा विदेसीले अनुदान

संरक्षण गरिदिने वा पुनर्निर्माण तथा मर्मत गरिदिने हैन कि त्यस्तो अवस्था नै आउन नदीने गरी संरक्षण हुनुपर्छ। नदी । मन्दिर सभ्यता नै हाम्रो सभ्यता हो र हामी फोहरी हैन विश्व मानव इतिहासकै अग्रणी हौ भन्ने देखाउन पर्छ । त्यसलाई साबित गर्नुपर्दछ ।

सभाध्यक्ष महोदय जब विद्यालयमा सम्पदा संस्कृति सभ्यता, संस्कारको शिक्षा दिइन्छ तव उनीहरुले यहाँ आउने हरेक पर्यटकलाई आफ्नो सम्पदा र सभ्यताको बारेमा बताउन सकुनेछन् । यो महत्त्वपूर्ण पाटोलाई हेरेर पनि शिक्षामा सम्पदा समुदाय र संस्कृति जोड्नु अती आवश्यक छ । सम्पदाको दृश्यावलोकन टाढैबाट गर्न सकिने आधार तयार गर्नुपर्दछ । सम्पदा क्षेत्रलाई ओझेलमा पार्ने संरचना काँटछाँट गर्नुपर्दछ । यसका लागि सरकारले नीति बनाउनुपर्छ नागरिकले जिम्मेवारी बोध गर्नुपर्छ। र सामाजिक अभियान्ता तथा सम्पदाविदले आवश्यक चेतना जागृत गराउनु पर्छ ।

सभाध्यक्ष महोदय अन्तमा सम्पदा संरक्षण कुनै एक पक्षको मात्र जिम्मेवारी होइन। नेपालको सुदूरपश्चिम देखि पूर्व सम्म रहेका ऐतिहासिक, पौराणिक, सम्पदा हरेक नेपालीको साझा सम्पती हो । यो साझा सम्पत्तीको संरक्षणमा पनि प्रत्येक नेपालीको साझा दायित्व रहन्छ भन्दै आफ्नो विचार यहि अन्त गर्छु ।

हवस त धन्यवाद ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. हाम्रो सभ्यता र संस्कृति आधुनिक काल सम्म कसरी आइपुगेको छ ?

२. हाम्रा सम्पदाले कसरी नयाँ जिवन पाउँछन् ?

३. सम्पदा संरक्षण कसरी गर्न सकिन्छ ?

४. सम्पदा संरक्षणको प्रमुख दायित्व कस्को हो ?

५. हाम्रा सम्पदाहरु कसरी ओझेलमा परेका छन् ?

**क्रियाकलाप**

१. आफ्नो वरपर भएका सम्पदा संरक्षणको लागि के कस्ता उपायहरु अवलम्बन गर्न सकिन्छ ? प्रत्येक विद्यार्थीले पाँच पाँच वटा उपाय लेखि कक्षामा प्रस्तुत गर्नुहोस्

# पाठः २ राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र

नेपाल प्राकृतिक सम्पदा तथा जैविक विविधताले भरिपूर्ण छ । यहाँ पाइने वन्यजन्तु वनस्पती र जौविक विविधता तथा तिनको समग्र पारिस्थितिकीय प्रणालीलाई संरचना व्यवस्थापन र सदुपयोग गर्ने उद्देश्यले स्थापित भएका प्राकृतिक सम्पदालाई राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्रका रुपमा लिन सकिन्छ। नेपालमा रहेका विभिन्न वनस्पती वन्यजन्तु भू-दृश्यहरुको संवर्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले स्थापित राष्ट्रिय निकुञ्ज १२ वटा र संरक्षण क्षेत्र ६ वटा रहेका छन् । १२ वटा राष्ट्रिय निकुञ्ज मध्ये सुदुरपश्चिम प्रदेशमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र खप्तड राष्ट्रिय निकुञ्ज रहेका छन् । ६ वटा संरक्षण क्षेत्र मध्ये केही संरक्षण क्षेत्रको  सामान्य परिचय यस प्रकार रहेको छ ।

**१. शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज**

यो राष्ट्रिय निकुञ्ज सुदूरपश्चिम प्रदेश अन्तर्गत कञ्चनपुर जिल्लाको नेपाल भारत सिमानामा अवस्थित छ । वि.सं. २०७३ सालमा स्थापित यस निकुञ्जको क्षेत्रफल ३०५ वर्ग कि.मी रहेको छ । महाकाली नदीको पुरानो बहाव क्षेत्र भएको कारण विकसित हुन आएका फाँटहरु धाप र सिम भूमि यस निकुञ्जको प्रमुख विशेषता हो। निकुञ्जको कारण नेपालको पश्चिमी तराईमा पाइने वन्यजन्तु तथा चराचुरङ्गीहरुका वासस्थानको संरक्षण हुन पुगेको छ। बाह्रसिङ्गाको लागि प्रसिद्ध यस निकुञ्जमा हात्ति, बाघ, घोडागधा, जरायो, चित्तल लगुना जस्ता स्तनधारी जतावर यस निकुञ्जका प्रमुख वन्यजन्तु रहेका छन् । वन्यजन्तु अवलोकनका लागि यो निकुञ्ज स्वर्ग मानिन्छ।




## २. खप्तड राष्ट्रिय निकुञ्ज

बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको संगमस्थलमा अवस्थित यस राष्ट्रिय निकुञ्जले मध्य पहाडी वातातरण वनस्पती र वन्यजन्तुहरुको प्रतिनिधित्व गर्दछ। २०५ कि.मि क्षेत्रफल रहेको यस निकुञ्जमा सल्ला, खर्सु र निगालाको जङ्गलका साथै वन्यजन्तुका लागि उपयुक्त घाँसे मैदान रहेका छन् । यहाँ पाइने वन्यजन्तुमा रतुवा, मृग, घोरल, चितुवा, जङ्गली कुकुर, जङ्गली बिरालो, रातो बाँदरका साथै डँफे, मुनाल जस्ता सुन्दर चराचुरङ्गीको प्रधानता रहेको छ।



यो राष्ट्रिय निकुञ्ज धार्मिक दृष्ट्रिकोणले पनि निकै महत्त्वपूर्ण छ । त्रिवेणी, खप्तडदह, सहस्त्रलिङ्ग आदि स्थलहरु हिन्दु

धर्मावलम्बीहरुका पावन तीर्थस्थल मानिन्छन । पर्यटनको प्रचुर सम्भावना भएको यो क्षेत्र प्रचार प्रसार र अन्य भौतिक सेवा सुविधाको अभावमा पछाडी परेको छ ।

### ३. अपिनाम्पा संरक्षण क्षेत्र

सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लामा पर्ने अपिनाम्पा संरक्षण क्षेत्रको पूर्वमा बझाङ जिल्ला, पश्चिममा महाकाली नदी, उत्तरमा मित्रराष्ट्र चिन, दक्षिणमा लास्कु खोला र नौगाड खोला रहेका छन् । १९०३ वर्ग कि.मि क्षेत्रफल भएको यस संरक्षण क्षेत्रको स्थापना नेपाल सरकारले २०६७ असाढ २८ गते गरेको थियो। अपी नाम्पा संरक्षण क्षेत्र जैविक विविधताका दृष्टिले अत्यान्तै महत्त्वपूर्ण र भरिपूर्ण छ । यस क्षेत्रमा अपि हिमाल, नाम्पा हिमाल, व्यास हिमाल लगायत धैरे उच्च हिमशिखरहरु रहेका छन् । यस संरक्षण क्षेत्रको उचाइ समुन्द्री सतहबाट ५३९ देखी ७१३२ मिटर सम्म छ । यस क्षेत्रमा हिउँ चितुवा, ध्वाँसे चितुवा, मृग, रतुवा, घोरल, नाउर, झारल, चितुवा, बाँदर, हिमाली कालोभालु, स्याल, दुम्सी, ब्वाँसो, लँगुर, थार लगायतका वन्यजन्तुहरु पाइन्छन । यसै डाँफे, चीर, हुलेस लगायतका वन्यजन्तुहरु पाइन्छन । साल, खयर, उतीस, बाँझ, गुराँस, गोब्रे, कोलेनियल, खर्सु लगायतका विभिन्न किसिमका वनले यो संरक्षण क्षेत्र रमणीय बनेको छ ।



**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. राष्ट्रिय निकुञ्ज भनेको के हो?

२. हाम्रो देशमा कति वटा राष्ट्रिय निकुञ्ज र संरक्षण क्षेत्र रहेका छन्?

३. शुक्लाफाँटा राष्ट्रिय निकुञ्जका प्रमुख विशेषता के-के हुन् ?

४. खप्तड राष्ट्रिय निकुञ्जलाई हिन्दु धर्मावलम्बीहरुको पावन तीर्थस्थल किन मानिन्छ ?

५. अपिनाम्पा संरक्षण क्षेत्रमा पाइने प्रमुख वन्यजन्तु र चराचुरङ्गीका नाम लेख ।

**क्रियाकलाप**

आफ्नो वरपर भएका प्राकृतिक सम्पदाले जैविक विवधतामा के कस्तो फाइदा पुर्याएको छ सो विषयमा शिक्षक र विद्यार्थीबिच छलफल गर्नुहोस् ।

# पाठ-३ पर्यटकीय स्थलको सामाजिक तथा आर्थिक महत्त्व तथा प्रभाव







पर्यटकीय स्थलहरुले आजको युगमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सफल भएका छन्। यी स्थलहरु सामाजिक सभ्यताका रुपमा पनि अगाडि उभिएका छन् । आज विश्वमै हेर्दा पनि पर्टयन व्यवसाय र पर्यटन एक अनुसन्धानको विषय पनि बन्न पुगेको छ । पर्यटकीय स्थलहरु ले एकातिर पर्यटकहरुको मनलाई आनन्दित पारेर मनोरञ्जनको समय प्रदान गरेका छन्  भने अर्कोतिर पर्यटकका लागि अनुसन्धानको विषय पनि बनेको छ । पर्टकीय स्थलहरुको सामाजिक पहिचान र गौरब बढाएर राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ठाउँको परिचय गराउछ । जसले गर्दा उक्त ठाउँको प्रचार प्रसार हुन गई पर्यटकीय स्थलको समेत गरिमा बढछ । त्यसैगरी पर्यटकीय स्थलले पर्यटकहरुलाई आकर्षित गराएर रोजगारी का अवसर सिर्जना गराउछ । यसरी रोजगारीका अवसर प्राप्त हुदा आर्थिक क्षेत्रमा पनि प्रगति हुन जान्छ । सुदूरपश्चिम प्रदेशका अधिकांश स्थलहरु पर्यटनका हिसाबले ग्रामिण क्षेत्रमा रहेका छन् । परिणाम स्वरुप तिनिहरुको व्यापक प्रचार प्रसार नभएर पर्यटकहरुलाई आकर्षक गरी रोजगारी र

आर्थिक विकास सँग जोड सकिएको छैन। यहाँ रहेका सबै पर्यटकीय स्थलहरुमा सडक, खानेपानी, विद्युत, सुरक्षा, आवास तथा होटेल पसलको पनि उचित प्रबन्ध हुन सकेको छैन। यसले गर्दा पर्यटन कार्यक्रम पर्यटन कार्यक्रमलाई गरीबी निवारणसँग जोडन सकिएको छैन।

पर्यटकीय स्थलको सामाजिक महत्त्व पनि उत्तिकै रहेको छ । सामाजिक सदभाव तथा सहयोग र स्थानीय जनताहरुले पर्यटकसँग गरिने सहयोग र स्थानीय जनताहरुको पर्यटकसँग गरिने व्यवहारबाट उक्त समाजको पहिचान गराउनमा यी स्थलको महत्त्व छ। यसैगरी पर्यटकीय स्थलमा आउने पर्यटक र स्थानीय वासी बिच एक अर्काको संस्कृति, परम्परा,चालचलन, रीतिरिवाजको बारेमा पनि परिचिन हुने उचित अवसर प्राप्त हुन्छ। यसबाट अर्को समाजमा हुने राम्रो संस्कृतिलाई अगाल्न सकिन्छ।

सुदुरपश्चिम प्रदेशको अद्धितीय जैविक विवधता,हावापानी र यहाँको संस्कृति पर्यटकका लागा नौलो र अविस्मणीय अनुभव दिने खालका छन्। हिमाल हेर्न वा आरोहण गर्न तथा अन्य पहाडी र तराइ क्षेत्रमा रहेका पर्यटकीय स्थलको भ्रमण सुदूरपश्चिम पुग्नेहरुको यात्रालाई यहाँको खानपान, बोलिचाली, भेशभुषा र कला-संसकृतिको सुन्दर संयोजनले थप रोमाञ्चक बनाएको छ । यहाँका पर्यटकीय स्थलमा आउने पर्यटक को संख्या वर्षेनी बढने  गरेका कारणबाट यस  प्रदेशमा रहेको मानिसको व्यवहार संस्कृति र चालचलन उष्कृट रहेको प्रमाणित गर्दछ।

अतिथि देवो भव: भन्ने मान्यतालाई यस प्रदेशका सवै ग्रामिण तथा शहरी क्षेत्रका  मानिसहरुले अंगिकार गरेको पाईन्छ । पर्यटनले खर्च गर्ने रकमको ठूलो हिस्सा होटल व्यावसायी र स्थानीयले पाउने हुदा सामाजिक तथा आर्थिक क्षेत्रमा पर्यटकीय स्थलको ठूलो महत्त्व रहेको  छ। सुदूरपश्चिममा रहेका सवै पर्यटकीय स्थलको पहिचान र प्रचार प्रसार हुन नसकेको कारणले गर्दा यसबाट लिनुपर्ने आर्थिक लाभ प्राप्त हुन सकेको छैन । प्रदेशमा रहेका हिमालको गणना, नापजाँच, नामाकरण ऐतिहासिक तथा धार्मिक स्थलको खोज अनुसन्धान, प्रचारप्रसार संरक्षण तथा सेवा र सुविधाको उचित व्यवस्था हुन सकेको छैन। यी कार्यहरु हुन नसक्नाले यस प्रदेशमा रहेका पर्यटकीय स्थलहरु पर्यटकका आकर्षण केन्द्र बन्न सकेका छैनन।

पर्यटकीय स्थलको संरक्षण तथा व्यापक प्रचार प्रसार सम्बन्धि गुरुयोजना तयार गरेर यहाँको सेवा सुविधामा पनि विस्तार गरेमा पर्यटकीय स्थलले हाम्रो सामाजिक तथा आर्थिक जीवनमा सकारात्मक प्रभाव पार्ने देखिन्छ।

**अभ्यास**

**तलका प्रश्नको उत्तर दिनुहोस् ।**

१. पर्यटकीय स्थलका कुनै  २ वटा सामजिक महत्त्व लेख्नुहोस् ।

२. सुदूरपश्चिम प्रदेशमा पर्यटन कार्यक्रमलाई गरीबी निवारण कार्यक्रमसँग जोडन नसक्नुको कारण के हो ?

३ पर्यटकीय स्थललाई कसरी पर्यटकीय लागि आकर्षण केन्द्रका रुपमा विकास गर्न सकिन्छ ।

४ पर्यटकिय स्थलको आर्थिक क्षेत्रमा के कस्तो महत्त्व छ ?

५. सुदूरपश्चिम प्रदेशका पर्यटकीय स्थलहरु पर्यटकका लागि नौलो र अविस्मणीय अनुभव दिने खालका छन् । यस भनाईलाई पुष्टि गर्नुहोस् ।

**परियोजना कार्य**

तपाईको गाउँ वडा या गाउँपालिकाको कुनै पनि क्षेत्रमा रहेको कुनै एक पर्यटकीय स्थलको छनौट गरी उक्त क्षेत्रमा पर्यटकको आकर्षणको अवस्था सडक, होटल, पसलको प्रवन्धको अवस्था तथा उक्त स्थलले सामाजिक तथा आर्थिक क्षेत्रमा पार्ने प्रभाव र सामाजिक तथा आर्थिक महत्त्व सहित उल्लेख गरी एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ ४ खप्तड एक चिनारी

बझाङ, बाजुरा, डोटी र अछाम जिल्लाको संगमस्थलका रूपमा रहेको खप्तड क्षेत्र प्राकृतिक सौन्दर्यको खानी हो । यहाँ २२ वटा पाटन र ५३ वटा थुम्काहरू तथा त्यहाँको सौन्दर्यले खप्तड भूस्वर्गझैं लाग्छ ।

खप्तडका फाँटमा फुल्ने फूलहरु ।



खप्तड बाबाले तपस्या गरेको पवित्र ठाउँ भएकाले खप्तड प्राकृतिक दृष्टिले मात्र नभई, धार्मिक र पर्यटकीय हिसाबले समेत उपयुक्त गन्तव्यका रूपमा परिचित छ । पौराणिक कालमा सिद्ध तथा ऋषिमुनिहरूले तपस्या गरेको यस क्षेत्रलाई पुराणमा समेत खेचराद्री पर्वतका रूपमा वर्णन गरिएको छ। समुद्र सतहबाट ३ हजार मिटर उचाइमा रहेको खप्तड क्षेत्रको क्षेत्रफल २ सय २५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ । हरियाली रहेको खप्तड क्षेत्र पुस महिनापछि सेताम्मे हिउँले ढाकिन्छ । जेठदेखि असारसम्म विशाल फाँटहरूमा रंगीचंगी फूलले ढाकिन्छ खप्तड । विशाल फाँटहरूमा फुल्ने रंगीचंगी फूल र फाँटछेउमा मिलाएर रोपेका जस्ता देखिने रुखहरू खप्तड क्षेत्रका प्रमुख विशेषता हुन् ।

खप्तड क्षेत्रमा खप्तड बाबाको कुटी, त्रिवेणी नदी, खप्पर दह, शिवमन्दिर, सहस्र लिंग, गणेशस्थान, नागढुंगा, केदारढुंगाजस्ता धार्मिक स्थलहरूले खप्तड क्षेत्रलाई निकै प्रख्यात बनाएका छन् ।


खप्तडका फाँट



खप्तड क्षेत्रमा ठूला र साना गरी २२ वटा फाँटहरू पनि यहाँका प्रमुख आकर्षण हुन् । खप्तडको त्रिवेणीमा मनाइने गंगादशहरा मेला लाग्ने गर्दछ ।



खप्पर दह



काठमाडौंदेखि धनगढी ६५० किमी बस यात्रा गरेपछि धनगढीदेखि डोटीको सिलगढीसम्मको यात्राका लागि बस चढ्नुपर्छ । त्यसपछि सुरु हुन्छ पैदल यात्रा । बगलेगसम्म जीप पनि चल्ने भएकाले जीप रिजर्भ गरेर पनि जान सकिन्छ । डोटीको सिलगढीदेखि शुरु भएको पैदल यात्राको पहिलो दिन झिगराना पुगिन्छ र दोस्रो दिन खप्तड राष्ट्रिय निकुञ्ज प्रवेशसँगै त्रिवेणी मन्दिर पुगिन्छ ।



यहाँको पर्यटन प्रवर्द्धनमा ध्यान दिने हो भने पर्यटकका लागि खाने बस्ने लगायत आवश्यक सुविधा मिलाउन सके यो भूस्वर्गको रसास्वादन गर्न नेपालबाट मात्रै होइन विश्वकै पर्यटक ओइरिने निश्चित छ ।





खप्तड गन्तव्यका पदमार्ग

१ अछाम जिल्ला (क) साँफेवगर- देवीस्थान- डाफेकोट-खप्तड

(ख) साँफेवगर- प्रभा- बुडाकोट- डाँफेकोट- खप्तड,

(ग) चौखुट्टे- कालापोखारा- डाँफेकोट- खप्तड ।

२ बझाङ्ग जिल्ला

(क) छान्ना- धारुगाउँ- घोडादाउने पाटन- खप्तड

(ख) चैनपुर-पूजारी गाउँ- दह खप्तड-खप्तड ।

३ बाजुरा जिल्ला

(क) मार्तडी-काँडा- दह खप्तड-खप्तड ।

४ डोटी जिल्ला (क) सिलगढी-बगलेक-भिंग्राना-बिचपानी-खप्तड

अभ्यास

१ खप्तड के कारणले भूस्वर्ग झैं लाग्दछ ?

२ खप्तड क्षेत्रमा रहेका प्रख्यात स्थलहरु लेख्नुहोस् ।

३ खप्तडमा कति वटा फाँटहरु रहेका छन् ?

४ खप्तडका गन्तव्य पदमार्गहरु लेख्नुहोस् ।

परियोजना कार्य

खप्तडको बारेमा वर्णन गर्दै विदेशमा रहेको साथीलाई खप्तड घुम्न आउने सुझाव सहित एक पत्र लेख्नुहोस् ।

## एकाइः ७ हाम्रो सुदूरपश्चिम

पाठ-१ **औद्योगिक तथा व्यापारिक केन्द्रको सम्भावना र चुनौतीहरु**

**पाठ- २ प्रदेश सभाको परिचय र कार्यहरु**

**पाठ-३ तालतलैया र नदीनालाको उपयोग, जोखिम र सुरक्षा**

# पाठ-१ **औद्योगिक तथा व्यापारिक केन्द्रको सम्भावना र चुनौतीहरु**







"उद्योग र व्यापारको पूर्वाधार, समृद्ध नेपाल र सुखी नेपाली बन्ने आधार" भन्ने नारामा साथ अघी बढिरहेको नेपालको औद्योगिक क्षेत्र उल्लेखनीय रुपले अघि बढ्न सकेको छैन। उद्योग स्थापना गर्न र व्यापारिक केन्द्र बनाउन संभाव्य ठाउँहरुको गहन अध्ययन हुन सकेको छैन। औद्योगिक केन्द्र र व्यापारिक केन्द्रको संभाव्यताको अध्ययन हुन जरुरी छ। विगतका अध्ययनको कमी कमजोरीलाई सच्चाउदै देशको औद्योगिक नीतिमा समयानुकुल सुधार गर्नु आजको आवश्यकता भएको छ। पर्याप्त रोजगारीका अवसर सृजना गर्नु, वस्तु उत्पादन तथा विक्री वितरण गर्नु, वैदेशिक व्यापारसंग जोडिनु, देशलाई वस्तु निर्यात गर्न सक्षम बनाउनु,जनताका आवश्यकता पुरा गरी आर्थिक वृद्धि गर्नु, औद्योगिक तथा व्यापारिक केन्द्रको प्रमुख उद्देश्य रहेको हुन्छ। उद्योग स्थापना का लागि आवश्यक पर्ने कच्चा पदार्थ, श्रमिक, दक्ष प्राविधिक, उपकरण, भवन, यातायात,विद्युत तथा आपुर्ति व्यवस्थापन महत्त्वपूर्ण कुराहरु हुन।

यी कुराहरु उपलब्ध भएको ठाउँमा औद्योगिक केन्द्रको स्थापना हुने सम्भावना रहन्छ । त्यसका साथै मानिसहरुलाई रोजगारी प्राप्त भएको जनसंख्याको चाप बढी भएको शिक्षा, स्वास्थ्य यातायात, सञ्चार सुरक्षाको उचित व्यवस्था भएको ठाउँमा मात्र व्यापारिक केन्द्र स्थापना गर्ने सम्भावना रहन्छ ।

सुदूरपश्चिम प्रदेशमा पनि औद्योगिक विकास हुन सकेको छैन । यस प्रदेशको कंचनपुरको वेदकोट नगरपालिका दैजीमा औद्योगिक केन्द्रको स्थापना गर्ने सरकारी घोषणा भएको छ ।तैपनि केन्द्रको स्थापना गर्न राजनैतिक अस्थिरता श्रमिकको अभाव,पूर्वाधारको अभाव, न्यून उत्पादन, आर्थिक अभाव जस्ता चुनौतीहरु रहेका छन् । डडेल्धुराको अमरगढीमा निजी क्षेत्रबाट लगानी गरी भटमास कम्पनीको स्थापना गर्ने प्रयास भइरहेको छ । तैपनि विभिन्न चुनौतीका कारण हालसम्म सो कार्य पनि संचालनमा आएको छैन । ठूलो धनराशीको लगानी गरी उद्योग संचालन गर्दा आपुर्ति व्यावस्थापन कमजोर भइ उत्पादित वस्तुको गुणस्तर न्यून हुन गएका उद्योग बन्द भइ लगानी जोखिममा पर्ने सम्भावना पनि उत्तकै हुन्छ । उद्योगबाट उत्पादित वस्तुको बजारीकरण हुनु आवश्यक हुन्छ । सुदूरपश्चिममा रहेका प्रमुख व्यापारिक केन्द्रहरु कैलालीको धनगढी र अत्तरिया, कंचनपुरको महेन्द्रनगर, डडेल्धुराको बागबजार, बैतडीको गोठलापानी, दार्चुलाको गोकुले डोटीको सिलगढी, अछामको मंगलसेन, बझाङको चैनपुर, बाजुराको मार्तडी रहेका छन् । यी बाहेक  प्रदेशका प्रत्येक जिल्लामा साना देखी ठूला खाल सम्मका बजारहरु पनि स्थापना भएका छन् । यस प्रदेशमा औद्योगिक केन्द्र नभएकाले मालसामान अन्य ठाउँबाट आयात गरी व्यापार गरेको पाईन्छ । जनसंख्या वृद्धि हुदा स्वाभाविक रुपले औद्योगिक केन्द्र र व्यापारिक केन्द्रको स्थापना हुने गर्छ । परिणाम स्वरुप बस्ति बिस्तार भइ स-साना बजारको स्थापना हुने गर्छ । औद्योगिक तथा व्यापारिक केन्द्रको स्थापना हुने सम्भावना भएतापनि यस्का चुनौतीहरुको सामना गर्दै सामाधान हुनु पनि जरुरी हुन्छ । सुदूरपश्चिम प्रदेशमा सम्भावनाको घेरामा रहेका औद्योगिक केन्द्र कन्चनपुरको दैजीमा स्थापना हुने औद्योगिक केन्द्र,डडेल्धुराको अमरगढीमा भटमास उद्योग, कैलालीको लम्कीमा सगरमाथा जडीबुटी प्रशोधन केन्द्रको स्थापना भएमा यस प्रदेशको आर्थिक विकास हुने सम्भावना रहेको छ।

**अभ्यास**

**तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

१. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) नेपालको औद्योगिक विकासको नारा के हो ?

(ख) औद्योगिक केन्द्र तथा व्यापारिक केन्द्रको स्थापना गर्नुको उद्देश्य के हो ?

(ग) औद्योगिक केन्द्र स्थापनाका लागि आवश्यक पर्ने कुराहरु के-के हुन ?

(घ) कंचनपुरको दैजीमा औद्योगिक केन्द्र स्थापना गर्न के-के चुनौती रहेका छन्?

(ङ) सुदूरपश्चिममा रहेका प्रमुख केन्द्रहरु कुन कुन हुन?

**परियोजना कार्य**

औद्योगिक केन्द्र र व्यापारिक केन्द्र स्थापना गर्न आवश्यक पर्ने विभिन्न पूर्वाधार हरु के-के हुन् ? ती मध्ये तपाइको समूदायमा वा गाउँपालिकामा केही पुरा हुने सम्भावना भए के के पूरा भएका छन् ? उल्लेख गरि एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-२ प्रदेशसभाको परिचय र कार्यहरु

नेपालको संविधान २०७२ मा व्यावस्था भए अनुसार नेपाललाई शासकीय स्वरुपका आधारमा ७ ओटा प्रदेशमा विभाजन गरिएको छ । हरेक प्रदेशको शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माणका लागि जनताद्वारा निर्वाचित भइ आएका प्रतीनिधिहरु रहेको एक प्रदेश सभा रहने व्यवस्था छ । प्रदेश सभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने एक महत्त्वपूर्ण संस्था हो । संविधान मै व्यवस्था गरिए अनुसार तीन तहको शासकीय स्वरुपको संरचना अनुसार प्रदेश तहमा एक




सदनात्मक प्रदेश संसद रहन्छ । जसलाई प्रदेश सभा भनिन्छ । नेपालमा सात ओटै प्रदेशमा फरक संख्या निर्धारण गरी एक एक ओटा प्रदेश सभा रहने व्यवस्था छ । हरेक प्रदेशमा निर्धारण गरिएका प्रतिनिधि सभा निर्वाचन क्षेत्रका आधारमा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेश सभामा जनप्रतिनिधि निर्वाचित हुन्छन । जसअनुसार कोशी प्रदेशमा ९३,मधेश प्रदेशमा १०७ जना,बाग्मती प्रदेशमा ११०, गण्डकी प्रदेशमा ६० जना,लुम्बीनी प्रदेशमा ८७ जना,कर्णाली प्रदेशमा ४० जना, र सुदूरपश्चिम प्रदेशमा ५३ जना रहने गरी प्रदेश सभाको गठन हुन्छ । हाम्रो देशको प्रदेश सभामा रहने प्रत्यक्ष  र सामानुपातिक तर्फबाट निर्वाचित प्रदेश सभा सदस्यको संख्या यस प्रकार निर्धारण गरिएको छ ।

| क्र.स | प्रदेश | प्रत्यक्ष निर्वाचित सदस्य | समानुपातिक निर्वाचित सदस्य | जम्मा |
|---|---|---|---|---|
| १ | कोशी प्रदेश | ५६ | 37 | 93 |
| २ | बाग्मती प्रदेश | 64 | 43 | 107 |
| ३ | मधेश प्रदेश | 66 | 44 | 110 |
| ४ | गण्डकी प्रदेश | 36 | 24 | 60 |
| ५ | लुम्बिनी प्रदेश | 52 | 35 | 87 |
| ६ | कर्णाली प्रदेश | 24 | 16 | 40 |
| ७ | सुदूरपश्चिम प्रदेश | 32 | 21 | 53 |
| | | 330 | 220 | 550 |

प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कार्वाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु हो । संविधानमा व्यवस्था अनुसार प्रदेश सभाले प्रदेश सभा कार्यकाल सम्बन्धि थप कानुन प्रदेश सरकारको कामकाजको भाषा निर्धारण सम्बन्धि कानुन, मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक एवमं सुविधा सम्बन्धि कानुन प्रदेश आकस्मिक कोष ऐन, प्रदेश आर्थिक कार्यविधि सम्बन्धि कानुन निर्माण गर्ने काम प्रदेश सभाको हुन्छ ।

संक्षेपमा हेर्दा प्रदेश सरकारको कार्य क्षेत्र भित्र निम्न लिखित क्षेत्र पर्दछन् ।

- कृषि र भूमि
- सूचना तथा संचार र सुरक्षा
- उद्योग तथा व्यापार
- पर्यटन, वन तथा वातावरण
- विकासमा पूर्वाधार
- सामाजिक विकास

यी माथि उल्लिखित क्षेत्रसँग सम्बन्धीत निम्न लिखित जिम्मेवारी प्रदेश सरकारको हुन्छः

१. प्रदेशको शान्ति सुरक्षा

२. विपद् व्यवस्थापन । द्वन्द्व व्यवस्थापन

३. सूचना प्रसार, मनोरञ्जन तथा स्थानीय सम्पदा र विविधताको संरक्षण

४. प्रदेशको विद्युत्त, सिंचाई, खानेपानी, सडक आदिको निर्माण तथा सेवाको विकास तथा विकास र विस्तार

५. स्वास्थ्य सेवा, प्रदेश भित्रको भाषा, संस्कृति, कला धर्मको संरक्षण

६. प्रदेश विश्वविद्यालय र उच्च शिक्षाको व्यवस्थापन

७. भूमि व्यवस्थापन र जग्गाको अभिलेख

८. कृषि तथा पशु विकासका लागि आवश्यक नीति निर्माण र कार्यक्रम संचालन

९. प्रदेश भित्रको वन र वातावरणको संरक्षण

१०. प्रदेश तहको व्यापार व्यवसाय तथा उद्योगको विकास र विस्तार

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

क. प्रदेश सभाको छोटो परिचय दिनुहोस् ।

ख. नेपालका सात वटै प्रदेशबाट प्रदेश सभामा प्रत्यक्ष तर्फ निर्वाचित सांसदको संख्या कति रहने व्यवस्था छ ?

ग. प्रदेश सरकारका प्रमुख कार्य क्षेत्र के के हुन् ?

घ. सुदूरपश्चिम प्रदेशको प्रदेश सभा गठन प्रक्रिया बारे लेख्नुहोस् ।

ङ. प्रदेश सरकारका कुनै पाँच वटा जिम्मेवारी लेख्नुहोस् ।

**परियोजना कार्य**

तपाईँ वसोवास गरेको क्षेत्रमा प्रदेश सरकारबाट हुने गरेका कामहरु नजिकको वडा कार्यालयमा गई जनप्रतिनिधीसँग छलफल गरि सूचना संकलन गर्दै एउटा प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-३ तालतलैया र नदीनालाको उपयोग, जोखिम र सुरक्षा







**<u>जोखिम</u>**





पानीको प्राकृतिक मुहानबाट वा हिउँ पग्लिएर निस्कने पानीको प्रवाहलाई नदी भनिन्छ । नेपालका अधिकांश नदीहरुको मुहान हिमालय पर्वत नै हो । प्राकृतिक रुपमा नै बनेका खाल्डा या मानिसले बनाएको खाल्डोमा संकलन भएको पानी समग्र रुपलाई ताल भनिन्छ । नेपाल जसश्रोतको भण्डार भएको देश भएकोले यहाँ नदीनाला र तालतलैयाको संख्या पनि पर्याप्त छ । अग्ला- अग्ला पहाड तथा हिमालयबाट हिउँको ठूलो भाग खाल्डोमा परि हिउँ पग्लेर  हिमतालको निर्माण हुन्छ । यस्ता हिमताल पनि नेपालका नदीरुहरुमा निर्माण भएका छन् ।

सुदूरपश्चिम प्रदेश पनि नदीनाला र तालतलैयाले धनी प्रदेश मानिन्छ । यस प्रदेशको पूर्वी सिमानामा रहेको प्रमुख नदी कर्णाली नदी छ भने पश्चिम सिमानामा महाकाली नदी रहेको छ ।यी बाहेक यस प्रदेशमा चौलानी, चमेलिया, सोर्नाया, रंगुन गोदावरी, मोहना, वनरा, बार्जगाड, मालागाड, जमरानी आदि नदीनाला रहेका छन् ।

यस प्रदेशमा भएका तालतलैयाहरुमा घोडाघोडी, वेदकोट ताल आलिताल, सुर्मासरोवर,रामारोसन ताल,छतीवन ताल,झिलमिलाताल,खप्तड ताल आदि प्रमुख ताल हुन । यी बाहेक पनि यस प्रदेशमा धैरै अन्य तालहरु पनि रहेका छन् ।

घोडाघोडी ताल



आलिताल



वेदकोट



नदीमा भएको पानीलाई विभिन्न काममा उपभोग गर्न सकिन्छ । नदीनालाको पानीलाई सिचांइ गर्न,विद्युत उत्पादन गर्न, खानेपानीमा प्रयोग गर्न सकिन्छ । मानव अस्तित्व र पृथ्वीको वातावरणका लागि समेत नदी एक अभिन्न पक्ष हो । अझ धार्मिक दृष्टिकोणबाट पनि नदीलाई उपयोग गर्न सकिन्छ

। नदीले केवल जलप्रवाह मात्र गर्दैन । समग्र मानव जातिको आशा पनि बोकेको हुन्छ । नदीबाट प्रवाहित जलश्रोतलाई समानुपातीक र व्यवास्थित रुपमा उपयोग गरेर राष्ट्रिय सम्पतीमा रुपान्तरण गर्न सकेमा जनताहरु आत्मनिर्भर हुन सक्छन् । त्यसैगरि ताल हरु पनि मानिस लगायत जलचर प्राणीका लागि उपयोगी छन् । विभिन्न प्रजातिका दुर्लभ माछा र जलीय जैविक विविधताको संरक्षण गर्न र माछा मा आधारित भइ जीविकोपार्जन गर्ने समुदायका लागि पनि तालको उपयोगिता छ । तालको पानीमा डुङ्गा चलाएर पर्यटन पर्यटकहरुलाई भ्रमण गराइ आर्थिक लाभपनि लिन सकिन्छ । सुदूरपश्चिम प्रदेशमा रहेको तालहरुमा डुङ्गा चलाएर पर्यटन व्यावसाय नगरेतापनि यहाँका तालहरु पर्यटकिय दृष्टिले भने उपयोगी रहेका छन् । यस प्रदेशका नदीनालाहरु बाट कुलो मार्फत मानिसहरुले सिचाँइ गरी कृषि उत्पादन बढाउने कार्य गर्दै आएका छन् ।

नदीनाला र ताल तलैयाहरु उपयोगी भएसँगै यिनीहरुले निम्ताउने जोखिमहरु पनि त्यत्तिकै छन् । नदी पृथ्वीको गतिशील, रोमाञ्चक अनि सुन्दर दृश्य त हुदै हो । त्यति नै खतरनाख र अनिश्चित शक्ति पनि हो ।

वर्षाको समयमा नदीमा जलप्रवाहको मात्रा वढी हुदा बाढी पहिरोको समस्या, बस्ति डुवान, जनधनको क्षति, घरजग्गा तथा मानिस लगायत सम्पूर्ण जीवजन्तहरु बगाउने जस्ता जोखिमहरु आउछन्। सुदूरश्चिमका पहाडी र हिमाली क्षेत्रका नदीहरुमा पहिरो जाने बस्ति बगाउने, जमिनको कटान गर्ने जस्ता जोखिम रहेका छन् भने तराइ क्षेत्रमा बस्ती डुवान नदीमा जल प्रवाह बढी भइ भवन पुल सडकमा क्षति पुग्ने जस्ता जोखिम रहेका छन् । यस प्रदेशको महाकाली नदी किनारमा रहेको दार्चुलाको खलङ्गा बजार क्षेत्र नदी कटान र पहिरोको जोखिममा रहेको छ भने कंचनपुरको दोधरा चाँदनी क्षेत्र बस्ती डुवानको जोखिममा रहेको छ । यसैगरी कैलाली र कंचनपुरमा रहेका अन्य नदीहरुको पनि जमिन कटान गरी बस्ती डुवान गर्ने जोखिम निकै रहेको छ भने अन्य पहाडी जिल्लाका नदीहरुले कटान, बाढी पहिरो र बस्ती बगाउने जोखिम रहेको छ । हिमतालहरु अचानक फुटेर तल्ला क्षेत्रमा बग्ने नदीहरुमा अप्रत्याशित रुपले पानीको प्रवाह बढी भइ बाढी आउने जोखिम हुन्छ ।

नदीनालाहरुबाट आउने जोखिमलाई न्यूनीकरण गर्न नदीनालाका तटीय क्षेत्रमा बलियो बाँधको निर्माण गर्ने , नदीनाला किनारातीर वृक्षारोपण गर्ने कार्य गर्नाले जोखिम नियन्त्रण गर्न सकिन्छ । यस्तै नदीनालामा बाढी आउने र वस्ती डुवान पर्ने सम्भावना भएमा त्यस्ता जोखिमयुक्त वस्तीलाई सुरक्षित स्थानमा सारेर सुरक्षा गर्न सकिन्छ । नदीनालामा जलप्रवाह वढी भइ आएको विपतलाई व्यावस्थापन

गर्न तत्काल राहत उद्धार गर्ने विभिन्न निकाय तथा संघ संस्थाहरु र गाउँले जनताहरुलाई खवर गरी जोखिमबाट सुरक्षित हुन सकिन्छ।

**अभ्यास**

१. **तलका प्रश्नको उत्तर दिनुहोस्।**

(क) नदीको परिभाषा लेखन्नुहोस्।

(ख) सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख नदी र तालहरुका नाम लेख्नुहोस्।

(ग) नदीको पानीलाई कुन-कुन कार्यमा उपयोग गर्न सकिन्छ।

(घ) नदीले ल्याउने जोखिमहरु के-के हुन् ?

(ङ) जोखिमबाट बच्न के कस्ता सुरक्षाका उपाय अपनाउन सकिन्छ।

(च) तालका कुनै ३ वटा उपयोगिता लेख्नुहोस् ?

**परियोजना कार्य**

तपाईँ बसोवास गरेको क्षेत्रमा रहेका नदीनाला तथा तालतलैयाको पानीलाई कुन- कुन कार्यमा उपयोग गरिएको छ? र ती जोखिम कम गर्न के कस्ता सुरक्षाका उपाय अपनाइएको छ ? छलफल गरी प्रतिवेदन तयार पार्नुहोस्।

# एकाइ-८ विपद व्यवस्थापन र हरित विद्यालय

**पाठः १ विपद् व्यवस्थापन र हरित विद्यालय**
**पाठः २ विपद्को कारण र प्रभाव**
**पाठः ३ हरित विद्यालय**
**पाठः ४ तीनतारे विद्यालयको व्यवस्थापन र दिगोपनका चुनौतीहरु**

# पाठ १- विपद् व्यवस्थापन र हरित विद्यालय

कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भइ जनधनको क्षतीको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पर्ने संकटलाई विपद् भनिन्छ । बाढी, पहिरो,आगलागि,भू-कम्प आदि घटनालाई विपद् भनिन्छ । यस्ता विपद् हरु मानवीय कारणले र प्राकृतिक कारणले आउने गर्दछन् । जलवायु परिवर्तनका कारण खडेरी,बाढी तथा प्रतिकूल मौसम हुदाँ प्राकृतिक विपद्को सम्भावना हुन्छ ।

यस्को फलस्वरुप माहामारी, समूदायको जनजीवनमा र कृषि उत्पादनमा प्रतीकूल असर पर्न जाने हुन्छ । मनसुनी बर्षा प्रणाली,विश्वभरी अनुभव गरिएको जलवायु परिवर्तन विपद्को प्रमुख कारण बन्न पुगेको छ । यी बाहेक आगलागि चट्याङ, रोगको माहामारी हुरी बतासले पनि जनधनको क्षती गरी विपद् निम्त्याउछ ।
सामान्यतया विपद्का कारणहरु यस प्रकार रहेका छन् ।

- कमजोर तथा भिरालो बनावट
- धेरै पानी पारेर नदीमा जलप्रवाह बढी हुनु
- अवैज्ञानिक ढंगबाट खानी उत्खनन गर्नु ।
- कुलो, नहर,सडक तथा कलकारखाना अव्यवस्थित तरिकाले निर्माण गरिनु ।
- जनसंख्या वृद्धि हुदा जथाभावी वनजंगल फँडानी हुनु ।
- यातायातको साधनको अव्यवस्थित प्रयोग हुनु ।
- अव्यवस्थित बसोबास र औद्योगिकीकरण हुनु ।
- जनचेतनामा कमी हुनु ।
- जलवायु परिवर्तनबाट सुख्खा खडेरी तथा मरुभूमीकरण हुनु ।
- प्रकृतिमा विभिन्न प्रतीक्रिया हुनु जस्तै (भू-कम्प,चट्याङ आदि )

प्रकृतिमा आउने प्राकृतिक विपद् र मानिसले सिर्जना गरेका मानवीय विपद् लाई व्यवस्थापन तथा न्यूनीकरण गर्नु आवश्यक हुन्छ। विपद्लाई न्यूनीकरण गर्ने उपायहरु यस प्रकार रहेका छन्।

I. विपद्का संभावित कारक र न्यूनीकरणका उपायका विषयमा अध्ययन अनुसंन्धान गर्ने।
II. विपद्का घटना पश्चात राहत उपलब्ध गराउने।
III. विपद् जोखिम न्यूनीकरण सम्वन्धमा जनचेतना अभिवृद्धि गर्ने।
IV. विपद्का संभावित घटना बारेमा सबैलाई पूर्व जानकारी दिने।
V. नदीहरुमा तटबन्धको निर्माण गर्ने ।
VI. सरोकारवाला संस्थालाई परिचालन गर्ने।
VII. विपद् आउने संभावित क्षेत्रमा आधुनिक प्रविधिको विकास गर्ने।
VIII. विपद्बाट प्रभावित व्यक्तिका लागि मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने
IX. अस्थायी आश्रय गृह निर्माण गर्ने।
X. असुरक्षित स्थानमा रहेका विपद् प्रभावित व्यक्तहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस्।**

(क) विपद् भनेको के हो ?

(ख) विपद्का कुनै ४ ओटा कारण लेख्नुहोस्।

(ग) विपद् कती प्रकारका हुन्छन? नाम लेख्नुहोस्।

(घ) जलवायु परिवर्तनबाट के कस्ता विपद् आउन सक्छन ?

(ङ) विपद् न्यूनीकरण का ५ ओटा उपाय लेख्नुहोस्।

**परियोजना कार्य**

तपाईको गाउँ,समुदाय वा जिल्लामा विपद्का के कस्ता घटना भइरहन्छन ? छलफल गरी ती घटनामा परेका व्यक्तिलाई कसरी उद्धार गर्न सकिन्छ ? एउटा प्रतिवेदन तयार पारी कक्षामा प्रस्तुत गर्नुहोस्।

# पाठ-२ विपद्को कारण र प्रभाव

प्राकृतिक विपद्बाट मानवीय क्षति हुन्छ। वर्षायामको शुरुवात सँगै आउने बाढी र पहिरो नै प्राकृतिक विपद् हुन। भूकम्पीय जोखिम पनि प्राकृतिक विपद्को कारण हो। हाम्रा विपद् पूर्व अपनाइने सावधानीको कमीले पनि क्षती धेरै हुने गरेको पाइन्छ।

कमजोर भू-बनोट भएको ठाउँमा बस्ति बस्नु पहिरोले घेरिएको ठाउँमा बस्ती बस्नु,खोला र नदी नजिक बस्ती बस्नु पनि विपद् निम्तिने कारण हुन। मानवीय क्रियाकलापका कारण उत्पन्न हुने विपद्लाई मानवीय कारणबाट आउने विपद् भनिन्छ। मरुभूमीकरण, रसायनीक दुर्घटना (एसिड छर्कने,विष सेवन) प्राविधिक दुर्घटना (उद्योग, कलकारखानामा हुने घटना) यातायात दुर्घटना आदि मानवीय कारणबाट उत्पन्न हुने विपद् हुन्। यस्ता विपद्को व्यवस्थापन गर्नका लागि निम्न उपायहरु अपनाउनु पर्छ।

- पूर्व तयारी गर्ने।
- प्रभावितको उद्धार गर्ने।
- पीडीतलाई राहत,पुनस्थापना र सहयोग गर्ने।
- सहयोगको परिचालन सहि ढंगबाट गर्ने।
- जनचेतनाको विकास गर्ने।

विपद् व्यवस्थापनका प्रयासहरुले प्रकोपबाट संभावित नोक्सानीलाई कम गर्ने वा जोगाउने गर्छ भने पिडीतलाई तुरुन्त उचित सहायताको आश्वासन दिन्छ। विपद् व्यवस्थापन प्रकोपको लागि प्रभावकारी तयारी र प्रतिक्रिया दिने प्रकृया हो। यसले विपद् रोकथाम,तयारी र सचेतना,प्रतिक्रिया र जिम्मेवारी व्यवस्थापन गर्छ। प्राकृतिक विपद् आइपर्दा मानिसले नियन्त्रण त गर्न सक्दैनन तर जीवनको संरक्षण गर्ने केही उपायहरु अपनाउन सकिन्छ। प्राकृतिक प्रकोप अनुमान गर्न नसकिने जुनसुकै बेला जुनसुकै ठाउँमा पनि आउन सक्छ। विपद् व्यवस्थापनले खतरालाई पूर्ण रुपमा त हटाउदैन तर विपद्को प्रभावलाई कम गर्छ। बाढी,पहिरो जानु, खडेरी लाग्नु, आगलागि हुनु, सवैभन्दा बढी दोहरिने खतरा हुन। जसले प्राय: विपद्हरु निम्त्याउछ। यस्ता विपद्ले सामाजिक तथा आर्थिक क्षेत्रमा ठूलो असर

पार्छ। जनधनको क्षती मानसिक तनाव,जीवनस्तरका कठिनाइ महामारी,खाद्यसंकट,अस्थायी आवास निर्माणको समस्या विपद् बाट पर्ने सामाजिक असरहरु हुन।

नेपाल विगत लामो समयदेखी नै धेरै प्राकृतिक तथा मानवीय विपद्बाट गज्रिरहेको हुनाले यसबाट धेरैको जीवनमा नोक्सान भइरहेको छ। मानिसहरुले खेती गर्न प्रयोग गर्ने जमिन धेरै जसो नदीको छेउमा हुने भएकाले त्यसै जमिनको वरिपरि घर पनि निर्माण गरेका हुन्छन। बाढी आउदा त्यस्ता ठाउँमा रहेका बस्तीहरु जोखिममा पर्छन। सडक निर्माण गर्दा कुनै अनुसंन्धान नगरिकनै निर्माणकार्य अघि बढाउदा पानीको बहावले सडक भत्किने सम्भावना हुन्छ।यसरी सडक भत्किदा पर्यटन क्षेत्रलाई नोक्सानी पुग्न जान्छ। मानवीय विपद्बाट पर्ने क्षतीलाई पनि कम गर्न मानिसले यन्त्र उपकरणलाई सावधानीपूर्वक प्रयोग गर्ने सवारीसाधन लाई सुरक्षित तरिकाले चलाउने उद्योगमा हुने जोखिमलाई कम गर्ने धेरै चिसो र धेरै गर्मीबाट बच्ने कार्य गर्नपर्छ।

## अभ्यास

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) मानवीय विपद् भनेको के हो ?

(ख) विपद्को व्यवस्थापन का उपाय के के हुन ? कुनै ४ ओटा उपाय लेख्नुहोस् ।

(ग) रासायनिक र प्राविधिक दुर्घटनामा के फरक छ ?

(घ) विपद्ले सामाजिक तथा आर्थिक क्षेत्रमा पर्ने असरहरु लेख्नुहोस् ।

(ङ) सवैभन्दा बढी दोहरिने विपद्हरु के के हुन ?

## परियोजना कार्य

तपाईँ बसोबास गरेको क्षेत्रमा आउने प्राकृतिक र मानवीय विपद्को वर्गीकरण गरी सूची बनाउनुहोस । र तिनीहरुको व्यवस्थापनका स्थानीय निकायले के कस्तो भूमिका निर्वाह गर्न सक्छ ? छलफल गरी प्रतिवेदन तयार पार्नुहोस् ।

# पाठ-३ हरित विद्यालय

शैक्षिक संस्थाको वरपरको क्षेत्रमा व्यापक हरियाली विकास गरी विद्यालयमा बगैचा निर्माण गरिएको विद्यालयलाई हरित विद्यालय भनिन्छ। वातावरण प्रदूषणबाट जैविक विविधता तथा विद्यार्थी शिक्षकको स्वास्थ्यमा पार्ने असरलाई कम गर्न हरित विद्यालय कार्यक्रम लागु गरिएको हो। पारिस्थितिक पद्धतिलाई सन्तुलन कायम गर्न,स्वच्छ एवम हरित पृथ्वी बनाएर भावी पुस्तालाई हस्तान्तरण गर्न यो कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ। विद्यालयको परिसर र सेवा क्षेत्रमा व्यापक हरियाली प्रवर्धन गर्न एक विद्यालय एक बगैचा तथा बृहत हरित क्षेत्र निर्माणको कार्यलाई प्रभावकारी रुपले अगाडी बढाउन आवश्यक भएकोले यो कार्यक्रम अघि बढाइएको छ। विद्यालयमा रहेको खाली जमिनमा स-साना देखी ठूला ठूला बोटविरुवालाई रोपेर हरियाली वातावरण निर्माण हुन जान्छ। यस कार्यक्रमका उद्देश्यहरु यस प्रकार रहेका छन् :

- विद्यालयको वातावरण सफा,शान्त,सुरक्षित र हरियालीयुक्त बनाउने।
- विद्यालयलाई आकर्षक र मनोरम स्थलको रुपमा विकास गर्ने।
- विद्यालयलाई एक जीवित प्रोयोगशालाको रुपमा विकास गर्ने।
- विद्यालयलाई उदाहरणीय हरित केन्द्रको रुपमा विकास गरी समुदायलाई पनि अनुकरण गर्न लगाउने।
- सबै विद्यालयले एक विद्यालय एक बगैचा तथा वृहत हरित क्षेत्र निर्माण कार्यक्रम अनिवार्य संचालन गर्ने।

  यी उद्देश्यहरु पूरा गर्न अजयमेरु गाउँपालिका र ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना डडेल्धुराको सहयोगमा निश्चित मापदण्ड पुरा गरेका विद्यालयलाई तीनतारे विद्यालय घोषणा गर्ने कार्यक्रम अघि सारेको थियो। तीनतारे विद्यालय मापदण्डका सूचकहरु यस प्रकार रहेका छन्।

  - खानेपानी पर्याप्तता
  - शौचालयको व्यवस्था
  - खानाको स्वच्छता

- हरियाली वातावरण
- महिला स्वच्छता व्यवस्थापन
- स्वच्छता शिक्षा/ सरसफाइ
- विपत जोखिम व्यवस्थापन
- संस्थापन व्यवस्थापन
- अनुगमन
- जवाफदेहिता



बालबालिकाहरुले आफ्नो गति र क्षमता अनुसार रमाइलो वातावरण सिक्ने अवसर प्रदान गराउनु प्रत्येक विद्यालको प्रयास रहन्छ। त्यसै अनुसार तीनतारे घोषणा भएका विद्यालयमा बालबालिकाहरुलाई यस्तो अवसर सजिलै प्राप्त भएको हुन्छ। बालबालिकालाई शारीरिक, मानसिक एवम संवेगात्मक रुपले सुरक्षित तथा स्वस्थ्य वातावरणमा सिक्ने अवसर प्राप्त हुनुपर्छ । कुनै प्रकारको भौतिक,शारीरिक एवम मानसिक दण्ड सजाय बिना गरिने सिकाइ निकै प्रभावकारी हुन्छ। बालबालिकाको रुचि र क्षमता अनुसारको गुणस्तरीय शिक्षा प्रदान गर्न गराउन तीनतारे विद्यालयका सूचकहरुले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर दिनुहोस् ।**

(क) हरित विद्यालय भनेको के हो ?

(ख) हरित विद्यालयका ४ ओटा उद्देश्य लेख्नुहोस् ?

(ग) तीनतारे विद्यालयका ५ ओटा सुचक लेख्नुहोस् ?

(घ) बालबालिकाले कस्तो वातावरणमा सहजै सिक्न सक्छन ?

(ङ) विद्यालयमा हरियाली वातावरण सिर्जना गर्न के के कार्य गर्न सक्छन ?

**परियोजना कार्य**

तपाईँ वसोवास गर्ने क्षेत्रमा रहेको तीनतारे घोषणा भएको विद्यालयमा गइ त्यहा रहेका तीनतारा विद्यालयमा सूचकहरुको अवलोकन गरी तीनीहरुको अवस्था र कार्यान्वयन पक्ष बारे उक्त विद्यालयका शिक्षक तथा विद्यार्थी सँग छलफल गरी एउटा प्रतिवेदन लेख्नुहोस् ।

# पाठ-४ तीनतारे विद्यालयको व्यवस्थापन र दिगोपनका चुनौतीहरु

नेपालको शिक्षा क्षेत्रमा उल्लेख्य लगानी वृद्धि भए पनि विद्यालय शिक्षा जुन रुपमा गुणस्तरिय हुनुपर्ने हो त्यो रुपमा हुन सकेको छैन । बढदो शैक्षिक बेरोजगारी,विद्यालय उमेरका सबै बालबालिका विद्यालयमा भर्ना नहुनु,विद्यार्थीको उपलब्धिस्तर सन्तोषजनक नहुनु,आदि यसका मूख्य कारणहरु हुन विद्यालयमा बालबालिकाहरुका लाई उपयुक्त सुविधाहरु प्रदान गराउन सके सिकाइ अनुसार निश्चित मापदण्ड पुर्याउने विद्यालयलाई तीनतारे विद्यालय घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । विद्यालयमा बालबालिकालाई खानेपानी, शौचालय हरियाली वातावरण,स्वच्छता,शिक्षा,खानाको स्वच्छता जस्ता कुराहरु अनिवार्य रुपमा पूर्ति भएको हुनुपर्छ । विद्यालयको भौतिक अवस्था पनि सिकाइ वातावरणका लागि आवश्यक पर्ने कुरा हो । उपलब्ध स्रोत र साधनले भ्याए सम्म विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालबालिकाको आवश्यकतालाई ध्यानमा राखी सुरक्षित,बलियो,बालमैत्री, अपाङ्गैत्री बनाउनुपर्छ ।




“तीनतारे विद्यालय हाम्रो ज्ञान, विद्यार्थी शिक्षक अभिभावक सवैको स्वाभिमान” भन्ने मूल नाराका साथ अजयमेरु गाउँपालिका अन्तर्गतका ६ ओटा विद्यालयहरुलाई तीनतारे विद्यालय घोषणा गरिएको छ । ती विद्यालयले तीनतारे विद्यालयले पुरा गर्नुपर्ने मापदण्ड पुरा गरेको हुनाले सो घोषणा गरिएको हो । यी मापदण्ड पूरा गरिएतापनि विद्यालयीय शिक्षामा कैयौ समस्या रहेका छन् । परिणाम स्वरुप तीनतारे विद्यालयको व्यवस्थापन र दिगोपनामा चुनौतीहरु रहेका छन् । नीतिगत असपष्टता,फितलो अनुगमन प्रणाली समन्वयको अभाव,चरम राजनीतिक हस्तक्षेप, कमजोर प्रशासनिक अवस्था , अव्यवहारिक पाठ्यक्रम मुख्य चुनौतीको रुपमा रहेका छन्। तीनतारे विद्यालय घोषणा गरी त्यस्को  व्यवस्थापनमा सवै विद्यालयसँग भौतिक साधनको अभाव रहेको छ । खानेपानी पर्याप्त नहुनु नै यस्को पहिलो चुनौतीको विषय बनेको छ । शिक्षामा न्यून गुणस्तर र असमान पहुँच भौगोलिक विकटता,जनचेतनामा कमी,समाजिक तथा जातिय भिन्नताहरु आदि । पनि विद्यालय

शिक्षाका चुनौतीका रुपमा रहेका छन् बालमैत्री विद्यालयको रुपमा अहिलेका सवै विद्यालय स्थापित हुन सकेका छैनन । बालबालिकाले खेल,क्रियाकलाप र सामाजिक अन्तरक्रियाबाट सिक्छन । कक्षाकोठाको वातावरणले यो कुराहरुलाई पुरा गर्नुपर्ने हुन्छ । खेल पनि सिकाइएको माध्यम भएको हुनाले विभिन्न प्रकारका खेल खेल्न सकिने वातावरण तयार गर्नुपर्ने हुन्छ । सफा र सुरक्षित तथा आरामदायी वातावरणमा मात्र बालबालिकाले सिक्न सक्छ । दैनिक क्रियाकलाप गर्नका लागि उचित ठाउँको व्यवस्था भएको हुनुपर्दछ । प्रकृतिमा समय विताउदा बालबालिकाको शारीरिक तथा मानसिक विकास हुन गइ कल्पना शक्तिमा पनि वृद्धि हुन्छ । परम्परागत रुपमा कक्षाकोठामा गरिने क्रियाकलापहरु ले सिकाइ प्रभावकारी नहुने प्रमाणित भइ सकेको छ । यसका लागि बाहिरी वातावरणमा स्वतन्त्र रुपले विभिन्न माध्यमबाट सिकाइ वातावरण सिर्जना हुन सक्छ ।

**अभ्यास**

**१. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) विद्यालयमा सिकाइ वातावरण कसरी प्रभावकारी बनाउन सकिन्छ ?

(ख) तीनतारे विद्यालय व्यवस्थापनका चुनौतीहरु के के रहेका छन् ?

(ग) सवै विद्यालयहरु बालमैत्री विद्यालयो रुपमा किन स्थापित हुन सकेका छैनन ?

(घ) परम्परागत रुपमा कक्षाकोठामा गरिने क्रियाकलापले सिकाइ प्रभावकारी हुदैन भन्ने कुरालइ पुष्टि गर्नुहोस् ।

**परियोजना कार्य**

तीनतारे विद्यालयका मापदण्डको सूची बनाइ यस्का के के चुनौतीहरु रहेका छन् ती चुनौतीको पनि सूची बनाइ कक्षामा प्रस्तुत गर्नुहोस् ।